# पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन

२०८०

प्रतिवेदक

पर्यटकीय राजधानी घोषणा अध्ययन समिति

गण्डकी प्रदेश, पोखरा

# हाम्रो भनाई

गण्डकी प्रदेशको राजधानी पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम एवम् पोखरा महानगरपालिका समेतको निर्णय बमोजिम पर्यटकीय राजधानी घोषणाका लागि आवश्यक पूर्वाधारको पहिचान, वर्तमान अवस्था, सेवाको गुणात्मकता वृद्धि गर्न अवलम्वन गरिनु पर्ने विषय, पर्यटकीय राजधानी घोषणाका मापदण्ड, प्रक्रिया तथा आगामी रणनीति सहितको सुझाव प्रतिवेदन तयार गर्न गण्डकी प्रदेश सरकार (मा. मुख्यमन्त्रीस्तर) को मिति २०८०/०८/१२ को निर्णयानुसार पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको गठन भई समितिलाई प्राप्त कार्यक्षेत्रगत शर्त समेत लाई आधारमानी यो प्रतिवेदन तयार गरिएको छ।

यो प्रतिवेदनमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुको औचित्य र आवश्यकता, यस प्रदेशमा विद्यमान अन्तर्राष्ट्रियस्तरमा पहिचान बनाएका विशेषताहरु, पर्यटकीय राजधानीका लागि आवश्यक प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पक्षहरु, पर्यटकीय ,साहसिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरु, यातायात सेवा र कनेक्टीभिटि पर्यटकीय सेवा तथा सुविधाहरु, पर्यटकीय गतिविधिहरु, पर्यटकीय सेवा प्रदायकहरु जस्ता अवश्थाहरुको विस्तृत अध्ययन गरिएको छ। साथै पर्यटकीय राजधानीको विकासका लागि कानुनी संरचना तथा यसका प्रभावहरु यस प्रतिवेदनका मुख्य अंगहरुको रुपमा समावेश गरिएको छ। पर्यटकीय राजधानीका लागि आवश्यक देखिएका अन्य मापदण्डहरु र ती मापदण्डमा यस पोखराको अवस्थालाई विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएकोछ। यस प्रतिवेदनमा प्रस्तुत गरिएका मापदण्डहरुमा अझै परिष्कृत रुपमा विकास गर्न आगामी दिनमा गर्नुपर्ने योजना तथा पर्यटकीय राजधानी घोषणाको प्रक्रिया र कार्यतालिका समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

अन्त्यमा, यो प्रतिवेदन गण्डकी प्रदेश सरकार पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न महत्वपुर्ण आधार हुनेछ भन्ने विश्वास गर्दै प्रतिवेदन तयारीमा समितिलाई महत्वपुर्ण सुझावहरु दिने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय प्रदेश सभा सदस्यज्यूहरु, पोखरा महानगरपालिका प्रमुखज्यू, प्रदेश सरकारका प्रमुख सचिव लगायत सचिवज्यूहरु, पर्यटन सम्वद्ध संघ संस्थाहरु, सरोकारवालाहरु तथा मन्त्रालयका कर्मचारी सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

पर्यटकीय राजधानी घोषणा अध्ययन समिति

२०८०।०९।२६

# कार्यकारी सारांश

गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम पर्यटकीय राजधानी घोषणाका लागि आवश्यक पूर्वाधारको पहिचान, वर्तमान अवस्था, सेवाको गुणात्मकता वृद्धि गर्न अवलम्वन गरिनु पर्ने विषय, घोषणाका मापदण्डहरु, प्रक्रियाहरु तथा आगामी रणनीति सहितको सुझाव प्रतिवेदन तयार गर्ने उद्धेश्यले गण्डकी प्रदेश सरकार (मा. मुख्यमन्त्रीस्तर) को मिति २०८०।०८।१२ को निर्णयानुसार पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको गठन भई मिति २०८०/०८/२६ गते समितिको पहिलो बैठक बसि कार्यारम्भ गरिएको थियो।

पर्यटकीय राजधानीको रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरुको पहिचान गर्ने, सेवाको गुणात्मकता वृद्धि गर्न अवलम्वन गर्नुपर्ने विषयको पहिचान गर्ने, पर्यटकीय राजधानी घोषणा गर्नका लागि आवश्यक मापदण्डहरुको पहिचान गर्ने, पर्यटकीय राजधानी घोषणा गर्ने प्रकृयाहरुको पहिचान गर्ने तथा अध्ययन गरी तयार भएको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने कार्यक्षेत्रगत शर्त दिइएको र प्रतिवेदन पेश गर्न एक महिनाको समयावधि तोकिएको थियो।

यस प्रतिवेदनमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुको औचित्य र आवश्यकता, गण्डकी प्रदेशका अन्तर्राष्ट्रिय स्तरमा पहिचान वनाएका विशेषताहरु, पर्यटकीय राजधानीका लागि आवश्यक प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पक्षहरु, पर्यटकीय, साहसिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरु, यातायातसेवा र सडक सञ्जाल पर्यटकीय सेवा तथा सुविधाहरु, पर्यटकीय गतिविधिहरु, पर्यटकीय सेवा प्रदायकहरु जस्ता पुर्वाधारहरु, पर्यटकीय राजधानीको विकासका लागि कानुनी संरचना तथा यसका प्रभावहरु यस प्रतिवेदनका मुख्य अंगहरुको रुपमा समावेश गरी विवरण प्रस्तुत गरिएको छ। पर्यटकीय राजधानीका लागि आवश्यक देखिएका अन्य आवश्यक मापदण्डहरु र ती मापदण्डमा यस प्रदेशको अवस्थालाई विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनमा प्रस्तुत गरिएका मापदण्डहरुमा अझै परिष्कृत रुपमा विकास गर्न आगामी दिनमा गर्नुपर्ने योजना तथा पर्यटकीय राजधानी घोषणाको प्रक्रिया र कार्यतालिका, निस्कर्ष र सुझावहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

गण्डकी प्रदेश सरकारले आफ्नो नीति, योजना, बजेट र कार्यक्रममा पर्यटन क्षेत्रलाई समुन्नतिको मुख्य आधार मानेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन मार्फत् प्रादेशिक अर्थतन्त्रको दिगो आधारशिला तयार पार्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ। पोखरामा पर्यटन क्षेत्रमा प्रशस्त लगानी भईसकेको, देशका प्रमुख सहरहरुसँग हवाई तथा

स्तरीय बससेवा मार्फत् नियमित आवागमन सेवा सञ्चालनमा रहेको, पोखरा पर्यटकको लागि सुरक्षित गन्तव्य रहेको, देशका अन्य पर्यटकीय गन्तव्यहरु पोखरासँग जोडिएको, अन्तराष्ट्रिय रुपमा ख्याती प्राप्त देशका प्रमुख पदयात्रा मार्ग तथा धार्मिक स्थलहरुको प्रवेशद्वारको रुपमा स्थापित भएको, पर्यटकीय सम्पदा तथा गतिविधिको आधारमा पनि अग्रस्थानमा रहेको छ। यसर्थ पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नु औचित्यपूर्ण रहेको छ।

संसारमा समुद्र सतहदेखि एक हजार मिटर भन्दा कम उचाइबाट ८,००० मिटर भन्दा अग्ला हिमाल देख्न सकिने एक मात्र ठाउँ, संसारको उत्कृष्ट पाँच प्याराग्लाइडिङ्ग क्षेत्रमा पर्ने सराङ्गकोट, संसारको सबै भन्दा गहिरो कालीगण्डकी गल्छी, संसारको सबैभन्दा उचाइमा रहेको तिलिचो ताल, संसारको उत्कृष्ट १० पदयात्रा मार्गमा पर्न सफल भएको अन्नपूर्ण राउण्ड पदयात्रा मार्ग, संसारका आठ हजार मिटर भन्दा अग्ला १४ वटा हिमाल मध्ये सर्वप्रथम सफल आरोहण गरेको अन्नपूर्ण प्रथम, संसारको सबंभन्दा अग्लो स्थान ल्होमन्थाङ्गमा रहेको निर्माणाधिन गल्फ कोर्स, संसारका सबैभन्दा सुन्दर चार हिमाल भित्र पर्ने कुमारी माछापुच्छ्रे हिमाल, पर्वत जिल्लाको कुश्मामा निर्माण भइ सञ्चालनमा रहेको संसारको दोस्रो अग्लो बञ्जी जम्प यस प्रदेश र पोखरा लाई केन्द्र विन्दुमा राखेका अन्तर्राष्ट्रिय स्तरका अनुपम विशेषताहरुले भरिपूर्ण रहेको छ। यस्तै राष्ट्रिय स्तरका अनुपम बिशेषताहरुमा नेपालमा सबैभन्दा धेरै पानी पर्ने कास्कीको लुम्ले र नेपालमा सबैभन्दा कम पानी पर्ने मुस्ताङ्ग, नेपालको एकमात्र ढोरपाटन सिकार आरक्ष, नेपालको एकमात्र पर्वतीय संग्रहालय, नेपालको दोस्रो अग्लो शिवको मूर्ति पोखराको पुम्दीकोट, नेपालको सबैभन्दा ठूलो अन्नपूर्ण संरक्षण क्षेत्र तथा नेपालको सबैभन्दा ठूलो लालीगुँरासको घना जङ्गल घोरेपानी क्षेत्र यसै प्रदेशमा पर्दछ।

विभिन्न मुलुकहरुले आफ्नो पर्यटकीय उपजहरुको विविधीकरण गरी तुलानात्मक लाभको क्षेत्रको रुपमा विकास गरिरहेका छन्। राष्ट्रिय रुपमा मात्र नभई अन्तर्राष्ट्रिय रुपमा पर्यटनको विकास गर्न विभिन्न देशहरुले आफ्ना गन्तव्य तथा पर्यटकीय उपजलाई ब्राण्डिङ्ग र पर्यटकीय राजधानीको रुपमा विकास गर्दै आएका छन्। सांघाइ कर्पोरेशन अर्गनाइजेसन (SCO) ले बर्षेनी सदस्य राष्ट्रका विभिन्न सहरहरुलाई पर्यटकीय राजधानी घोषणा गर्ने गरेको छ। भारतको बनारस (काशी) लाई सन् २०२२/२३ का लागि प्रथम सांस्कृतिक तथा पर्यटकीय राजधानी घोषणा गरेको थियो भने सन् २०२३/२४ का लागि काजकिस्तानको अमाती (Amaty) सहरलाई पनि पर्यटकीय राजधानी घोषणा गरेको छ। त्यसैगरी फ्रान्सको पेरिसलाई City of Lights, New York (USA) लाई "The Big Apple", मलेसियालाई Truly Asia र भारतलाई Incredible India को रुपमा चिनाउन गरिएका ब्राण्डिङ्गका प्रयासहरु यसका प्रमुख उदाहरणहरु हुन्।

पर्यटकीय राजधानीको लागि आवश्यक मापदण्डको रुपमा पर्यटकीय आर्कषणहरु (Attractions) प्राकृतिक (प्राकृतिक सौन्दर्य, हिमालहरु, वातावरण, वनस्पति, जिवजन्तु, झरनाहरु, गुफाहरु, वन्यजन्तुहरु आदि), सांस्कृतिक (चाडपर्वहरु, रितिरिवाज, खानपान तथा जिवनशैली, मन्दिरहरु, गुम्बाहरु आदि), मानव निर्मित (स्मारक, ऐतिहासिक भवन, संग्रहालयहरु, क्यासिनो, डिस्को क्लबहरु आदि) पर्यटकीय गतिविधिहरु (Activities) मा भ्रमण, मेला, महोत्सव तथा सम्मेलनहरु,प्रचार-प्रसार आदि रहेका छन् यस्तै पहुँच (Accessibility) अन्तर्गत हवाई, स्थल, जल यातायात, आवास (Accommodation) सेवामूलक (होटेलहरु, मोटेलहरु, गेस्ट हाउस, रिसोर्ट, होमस्टे, लज एण्ड रेष्टुरेण्ट, होस्टेल, अपार्टमेण्ट, धर्मशाला र पाटिपौवाहरु) पर्यटकीय सुविधा (Amenities) स्वच्छ र स्वस्थ खाना, स्वास्थ्य सुविधा, सुरक्षा, सुचना तथा संचार, सपिङ्ग महल, सेवा प्रदायकहरु (Actors) सरकारी निकायहरु तथा गैह्र सरकारी निकायहरु र कानूनी संरचना (Acts) नीतिगत तथा कानुनी व्यवस्था, आचारसंहिता, निर्देशिका, कार्यविधिहरु तथा मापदण्डहरु लाई आधारभुत मापदण्डको रुपमा पहिचान गरिएको छ। पोखरा महानगरपालिकाको हाल सम्म विश्वका १४ वटा सहरहरु तथा नगरहरुसँग भगिनी सम्वन्ध स्थापित भएकोछ।

युनेस्कोको सम्भावित सूचीमा रहेका सम्पदाहरु (Sites on the Tentative List) मुस्ताङ्ग उपत्यका, गोरखादरबार, ल्होमन्थाङ्ग साथै विश्व सम्पदामा सुचिकृत चितवन राष्ट्रिय निकुञ्जको नवलपुर खण्ड रहेका छन्।

प्राकृतिक सम्पदाहरुमा अन्नपूर्ण प्रथम ८,०९१ मी., धवलागिरि हिमाल ८,१६७ मी., मनास्लु ८१६३ मी., संसारको सबैभन्दा अग्लो ४९१९ मी. अग्लो स्थानमा रहेको तिलिचो ताल, नागपोखरी, दूधपोखरी, नायबपोखरी, पिपरा ताल, फेवाताल, वेगनास ताल, रुपाताल, दिपाङ्ग, खास्टे, मैदी, गुदे, न्यूरिनी र कमलपोखरी लगायतका रामसार सूचीमा सूचीकृत तालतलैयाहरु अन्नपूर्ण राउण्ड, राउण्ड फेवा-भ्यू फेवा, पुनहिल, मर्दी हिमाल, जोमसोम, पञ्चासे, घान्द्रुक, सिक्लेस, खोप्रा लेक, माछापुच्छ्रे मोडल, धवलागिरि राउण्ड, मनास्लु राउण्ड, चुमभ्याली ट्रेक, खयर लेक, मोहरे डाँडा, मिलिनियम ट्रेक, कोरी, कपुचे लेक, गुरुङ्ग सम्पदा पदमार्ग, पञ्चासे, रोयल ट्रेक लगायतका पदमार्गहरु, हिलस्टेशनहरुमा मट्टिखान, अष्ट्रेलियन क्याम्प, पुनहिल, नुवाकोट, बेगनास डाँडा, मानुङ्गकोट, लिगलिग, निर्मलपोखरी, चुमभ्याली, नुब्रीभ्याली, सिरानडाँडा, काहुँडाँडा, पुम्दीडाँडा, ढिकीडाँडा, अस्ताम आदि रहेका छन्।

भौगर्भिक तथा भौगोलिक विविधतामा संसारको सबैभन्दा गहिरो कालीगण्डकी गल्छी ५५७१ मी. तथा शालिग्राम पाइने कालिगण्डकी उपत्यका, मर्स्याङ्गदी उपत्यका, महेन्द्र गुफा, गुसेश्वर गुफा,

सिद्ध गुफा, मुस्ताङ्गमा रहेका गुफा लगायतका गुफाहरु, छोसेर गुफा, मिलेनियम गुफा, डेभिज फल्स, रुप्से छहरा लगायतका झरनाहरु, भालुपहाड हरु रहेका छन्।

जैविक विविधता अन्तर्गत पञ्चासे, अन्नपूर्ण क्षेत्र, ढोरपाटन सिकार आरक्ष, पचभैया, मुस्ताङ्ग लगायतका ठाउँमा पाइने विभिन्न प्रजातिका जीवजन्तु, वनस्पती तथा चराचुरुङ्गीहरु, शान्ति वन बाटिकामा बोटानिकल गार्डेन जस्ता सम्पदाले पोखरा सुसज्जित रहेको छ।

धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुमा पोखराको विन्ध्यवासिनी, फेवा ताल बिचमा रहेको तालवाराही मन्दिर, भद्रकाली, विश्व शान्ति स्तुपा, पुम्दीकोट शिव मन्दिर, कास्कीकोट दरबार, रत्नमन्दिर, हिमागृह,बागलुङको कालिका मन्दिर, पञ्चकोटधाम, भैरवस्थान मन्दिर, सत्यवती मन्दीर, जैमिनीधाम, मोदीबेनी, गाजाको दह, नर्सिङ्गकोट, अर्नाकोट, गल्कोटकोट,पर्वतको विश्वकै ठूलो शालिग्राम शिला, महाशिला, तथा बाटुलैचौर कालिका मन्दिर,नवलपुरको मौलाकालिका मन्दिर, तनहुँमा रहेको देवघाट, वेदव्यास, परासर, भानु जन्मस्थल, थानीको थान, ढोरबारही, छाब्दीबाराही, आँधिमुल, तनहुँ कालिका लगायतका धार्मिक स्थलहरु, नवलपुरमा रहेको त्रिवेणीधाम, मौलाकालिका, शाश्वतधाम, म्याग्दीको गलेश्वरधाम, जगन्नास मन्दिर, महालक्ष्मी मन्दिर बेनी, मुस्ताङमा रहेको मुक्तिनाथ मन्दिर, दामोदर कुण्ड तथा ल्होमन्थाङ दरबार, अन्तराष्ट्रिय पर्वतीय संग्रहालय, क्षेत्रीय संग्रहालय लगायत विभिन्न जातिगत तथा सांस्कृतिक संग्रहालयहरु,लमजुङ जिल्लामा रहेको ईशानेश्वर महादेव मन्दिर, लमजुङ दरबार, राइनासकोट, उदिपुर कालिका, अकला मन्दिर, बैंशिसहर गुम्बा, गोरखाको मनकामना मन्दिर, ऐतिहासिक गोरखा दरबार, ऐतिहासिक लिगलिगकोट, हर्मीकोट, सुलिकोट, अजिरकोट, श्रीनाथ कोट, ताम्राङ्गकोट, बोर्लाङ्गकोट, शिलतादेवी मन्दिर,कालुपाण्डेको सालिक,स्याङ्गजाको सतौंचण्डीस्थान, छाङ्छाङदी, अन्धाअन्धी दह,आलमदेवी,खर्सुको लेक,लसर्घा, भिरकोट,नुवाकोट, पञ्चासेधाम, ठुलाकोट, रुपाकोट कास्कीकोट, पुम्दीकोट अर्मलाकोट महत्वपुर्ण सम्पदा हुन।

ग्रामीण पर्यटन तर्फ ग्रामीण पर्यटन तर्फ सिरुबारी, घले गाउँ, ह्याङ्जाकोट, ल्वाङ-घलेल, बारपाक, चुमनुम्री, धार्चे, भुजुङ, अमलटारी, बन्दिपुर, रामकोट, चित्रे जस्ता ३४१ भन्दा बढी होमस्टेहरु, तिजि नाँच (लामा नाँच), कौरा नाच, मारुनी नाँच, लठ्ठी नाँच आदि प्रसिद्ध रहेका छन्।

पर्यटकीय साहसिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरुमा आरोहणका लागि खुला गरिएका हिमशिखरहरु मनास्लु, सिगुचुली, अन्नपूर्ण हिमाल, चुलु पश्चिम (मनाङ), पिसाङ पिक (मनाङ), धमपुस पिक, टुकुचे पिक, निलगिरी, लमलुङ्ग हिमाल, हिउचुली अन्नपूर्ण, चुलु पूर्व पर्यटकहरुका आकर्षणका केन्द्र रहेका छन्।

साहसिक क्रियाकलापहरु अन्तर्गत स्थल, जल र हवाई क्षेत्रसँग सम्बन्धित साहसिक गतिविधिहरुमा हाइकिङ्ग, ट्रेकिङ्ग, पर्वतारोहण, राफ्टिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बोटिङ्ग, सराङकोट, स्वरेक मैदान बन्दिपुर लगायतका स्थानमा सञ्चालित प्याराग्लाइडिङ, अल्ट्रालाइट, पर्वतको कुश्मामा रहेको विश्वकै दोस्रो अग्लो बन्जी जम्प, स्वीङ्ग र पोखरामा रहेका बन्जी जम्पहरु, स्काई डाईभ, हट एयर बेलुन, माउण्टेन फ्लाइट आदि जस्ता हवाई खेल, जिप लाइन, केबलकार, पोनी ट्रेक आदि जस्ता मानवनिर्मित साहसिक क्रियाकलाप, नवलपूर चितवन राष्ट्रिय निकुञ्जमा हुने जङ्गल सफारी, नेपालमा मात्र पाइने काँडेभ्याकुर, विश्वकै दुर्लभ चराचुरुङ्गीहरु लगायत पोखरा उपत्यकामा पाइने ४८८ तथा गण्डकी प्रदेशमा पाइने ६०० भन्दा बढी चराहरुको अवलोकन गर्ने सुविधा तथा पर्यटकीय उपजहरु उपलव्ध रहेका छन्।

यातायातको पहुँच र आबद्धता (Accessibility and Connectivity)का हिसावले यस प्रदेशमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थाल, पोखरा विमानस्थल, पोखराबाट काठमाण्डौ, नेपालगंज, भैरहवा, भरतपुर, जोमसोम, सिमरा, धनगढी, जनकपुर, भद्रपुर र विराटनगरसम्म हवाई सेवा, प्रदेशभित्रका प्रत्येक जिल्ला सदरमुकाम, स्थानिय तहको केन्द्रसँग पोखराको सडक संजाल, विभिन्न विकास साझेदारसँगको सहयोगमा यातायात पूर्वाधार निर्माण तथा स्तरोन्नतीका कामहरु भइरहेको तालचोक- बेगनास सडक, सिसुवा- सिसाघाट सडक, दोबिल्ला-बागमारा- पुँडिटार सडक, पोखरा अन्तराष्ट्रिय विमानस्थलदेखि सहिदचोकसम्म बैकल्पिक तथा द्रुतमार्ग निर्माण प्रक्रियामा रहेको, पोखराका नौ वटा ताल जोड्ने ८५ कि.मी. लेक टु लेक साइकल ट्र्याक निर्माणको प्रक्रिया अगाडि बढीरहेको, पञ्चासे पर्यावरणीय विकास तथा पहुँच मार्ग, पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग, मध्यपहाडी राजमार्ग, पोखरा-बेनी-जोमसोम राजमार्ग पोखरासँग जोडिएको, पोखरामा पृथ्वी राजमार्ग बसपार्क, बागलुङ बसपार्क र पर्यटक बसपार्क र पर्यटक स्तरमा ३०० भन्दा बढी यातायातका साधनहररु संचालनमा रहेका छन्। यस्तै प्रत्येक जिल्लामा बसपार्कहरु, पोखराबाट नयाँ दिल्ली, काठमाण्डौ, सुनौली, नेपालगञ्ज, वीरगञ्ज, कांकडभिट्टा, जोगबानी, महेन्द्रनगरसम्मको बससेवा संचालन रहेको, मनकामना केवलकार, अन्नपूर्ण केवलकार, मौलाकालिका केबलकार र बन्दिपुर केबलकार जस्ता पूर्वाधारले यो प्रदेश सुसज्जित रहेको छ।

विश्वका विशिष्ट व्यक्तित्वहरुलाई आमन्त्रण र भ्रमण, अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार, राष्ट्रिय स्तरमा गरिएका प्रचार प्रसारले पोखराको पर्यटकीय गतिविधिहरुको प्रचार भएको छ।

आगामी योजनाको रुपमा पर्यटकीय आकर्षण बढाउन मुस्ताङ्गको ल्होमान्थाङ्ग दरबार र गोरखा दरबारलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न पहल गर्ने, जलवायु परिवर्तनबाट हाम्रा हिमालहरु र जैविक विधिधतामा परेको असर न्यूनिकरणका लागि आवाज उठाउन संघ सरकारलाई अपिल

गर्ने,ताल तलैया तथा सिमसार क्षेत्रको संरक्षण गर्ने,प्राकृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्ने, सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गर्ने, प्रदेशमा प्रचलित रहेका कला संस्कृति तथा परम्पराको संरक्षण तथा सम्वर्द्धन गर्ने, नयाँ पर्यटकीय गन्तव्यहरुको खोज, पहिचान र विकास गर्ने, प्रादेशिक तथा स्थानिय तहका पर्यटकीय सम्पदाहरु समेटेर छुट्टाछुट्टै सम्पदा संग्रह (Tourism Product profile) बनाउने। यातायातको हवाई र स्थल माध्यमलाई विश्वासनिय भरपर्दो सुरक्षित र छोटो वानाउने, Satellite Destinations को लागि सडकहरुको स्तरोन्नति तथा नयाँ सडक सञ्जालको विस्तार गर्ने, पर्यटकहरुको आवास व्यवस्थापनलाई गुणात्मक र मात्रात्मक बनाउन लगानी बढाउने, पर्यटकीय सुविधाहरु र गतिविधिहरुलाई गुणोत्तरीरुपमा विकास गर्ने जस्ता कार्यहरु गर्नुपर्ने औंल्याईएको छ।

पर्यटकीय राजधानीको रुपमा विकासहुने पोखरा नगरलाई दिगो पर्यटन विकासको अवधारणा अनुसार सरकारी नीजि तथा गैर सरकारी क्षेत्रले गर्नुपर्ने दायित्व र भुमिकालाई उल्लेख गरिएको छ।

अन्तमा गण्डकी प्रदेशको पोखरा प्राकृतिक, साँस्कृतिक, धार्मिक लगायतका सम्पदाले भरिपूर्ण छ। यस क्षेत्र उत्कृष्ट पर्यटकीय गन्तव्य हुनका लागि आवश्यक मापदण्डहरु पर्यटकीय आर्कषणहरु, पर्यटकीय गतिविधि, पहुँच, आवास, पर्यटकीय सुविधा, सेवा प्रदायकहरु तथा कानुनी संरचनाहरुले भरिपूर्ण रहेका कारण विश्वको कुनै पनि गन्तव्य भन्दा कम छैन। यहाँ रहेका पर्यटकीय सम्पदाहरुको दिगो संरक्षण गर्ने साथै पर्यटन क्षेत्रलाई थप सबल बनाउन सुरक्षित, भरपर्दो, व्यवस्थित, आधुनिक तथा दिगो पर्यटन पूर्वधारको विकास गरिदै जानुपर्दछ। यसका लागि सरकारका तीन तहको एकअर्कामा दोहोरो नपर्ने गरी समन्वय र सहकार्यमा कार्य अगाडि बढाउनु पर्दछ। साथै निजि क्षेत्र, सहकारी, गैह्र सरकारी क्षेत्र, विकास साझेदार, सरोकारवाला तथा नागरिकको सार्थक सहभागितामा पोखरालाई पर्यटनको राजधानी (Hub) र पोखरा आसपासका क्षेत्रलाई Sub-Hub बनाइ अगाडि बढ्नुपर्ने देखिन्छ।

## विषय सूची


| क. सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभूमी | १ |
| २ | अध्ययनको उद्देश्य | ३ |
| ३ | पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको गठन | ३ |
| ४ | अध्ययन समितिको कार्यक्षेत्रगत शर्त | ४ |
| ५ | अध्ययनको विधि तथा सीमा | ४ |
| ६ | पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुको आवश्यकता र औचित्य | ५ |
| ७ | पर्यटकीय राजधानी सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र अभ्यास | ६ |
| ८ | पर्यटकीय राजधानीका लागि आवश्यक पूर्वाधार | ७ |
| ९ | सेवाको गुणात्मकता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने विषयको पहिचान | २० |
| १० | पर्यटकीय राजधानी घोषणाको प्रक्रिया | २१ |
| ११ | पोखरालाइ पर्यटकीय राजधानी घोषणा गरेपछि देखिने अपेक्षित प्रभाव | २३ |
| १२ | सुझाव तथा सिफारिस | २३ |
| १३ | रणनीतिक सुझावहरु | २६ |
| १४ | निष्कर्ष | ३० |
| १५ | अनुसूचीहरु | |

# पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन

# २०८०

## १. पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग समेत संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी मार्गदर्शन गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानुन बनाउने, बजेट निर्माण गर्ने, निर्णय गर्ने, नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको स्रोत साधनको परिचालन गर्ने लगायतका कामहरू गर्दछन्। आर्थिक विकास विना मुलुकको समृद्धि सम्भव छैन। पन्ध्रौं योजनामा विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य राखिएको छ। आर्थिक विकासका लागि आफ्नो क्षेत्रभित्र रहेका सम्भावनायुक्त आर्थिक क्षेत्रको परिचालन, उपयोग र विकास गरिनुपर्दछ। आर्थिक विकासका पक्षहरू मध्ये पर्यटन देशकै प्रमुख संवाहक र तुलनात्मक लाभको क्षेत्र हो भने गण्डकी प्रदेशको आर्थिक विकासको उच्च सम्भावनायुक्त क्षेत्र हो। गण्डकी प्रदेशभित्र रहेका अद्वितीय प्राकृतिक, सांस्कृतिक सम्पदा, साहसिक गतिविधि तथा विविधताका कारण गण्डकी प्रदेशले यस प्रदेशको समुन्नतिका लागि पर्यटन क्षेत्रलाई प्रमुख पक्षको रुपमा लिएको छ। नयाँ पर्यटकीय गन्तव्यहरूको खोज, पहिचान, विकास, उपयोग, विविधीकरण गरी पर्यटन क्षेत्रको दिगो विकास गर्नेतर्फ आफ्नो नीति तथा कार्यक्रममार्फत गण्डकी प्रदेश सरकार अगाडी बढेको छ।

पर्यटन क्षेत्रको विकासमा पर्यटनको प्रवर्द्धनात्मक क्रियाकलापले महत्वपूर्ण भूमिका खेल्दछ। पर्यटन क्षेत्रको विकासका लागि पर्यटन पूर्वाधारका अलावा प्रचार प्रसार महत्वपूर्ण पक्ष हो। पर्यटन प्रवर्द्धनका लागि Brand Ambassador नियुक्त गर्ने, आफूमा भएका गन्तव्यहरूको ब्रान्डिङ्ग गर्ने लगायतका क्रियाकलापहरू गरिन्छन्। गण्डकी प्रदेश सरकारले पोखरामा रहेका अद्वितीय पर्यटकीय गन्तव्यहरूको कारण यसलाई पर्यटनको राजधानी घोषणा गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पोखरालाई ब्रान्डिङ्ग गर्ने दिशामा अगाडि बढेको छ। सोहि अनुरुप गण्डकी प्रदेश सरकारले आ.व. ०८०/८१ को नीति तथा कार्यक्रम मार्फत गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास गरी देशकै प्रमुख पर्यटकीय केन्द्र ( Tourism Hub) बनाउने नीति लिएको छ। गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजना ०७६/७७-०८०/८१ ले पर्यटन प्रवर्द्धन मार्फत् दिगो आर्थिक विकास गर्ने लक्ष्य राखेको छ। त्यसैगरी पोखरा महानगरपालिकाले साविक लेखनाथ नगरपालिकाको सो क्षेत्रलाई "सात तालको बगैंचा सहर" को अवधारणा अनुरुप पर्यटन तथा संरक्षण योजना बनाई लागु गरेको पृष्ठभूमि समेतलाई मध्यनजर गर्दै "समुन्नत पर्यटकीय पोखरा" को

दीर्घकालीन सोंच (Vision) अनुरुप पर्यटन विकास समिति गठन गरी आफ्ना कार्यक्रमहरू अगाडि बढाइएको छ। पोखरा महानगरपालिका नगर कार्यपालिकाको मिति २०७९/०२/२६ गतेको निर्णयबाट पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न सिफारिस सहित निर्णय समेत गरेको छ। यसै गरी सरकारी तथा निजी क्षेत्रको पहलमा विगत देखि नै पोखरालाई Paradise Pokhara, Pokhara Pure as Paradise जस्ता नाराद्वारा ब्राण्डिङ्ग गर्ने प्रयास भई आएको छ। पोखरालाई आथित्यताको दृष्टिले उच्च संस्कारयुक्त सहरको रुपमा समेत चिनिन्छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल लगायतका पर्यटकीय पूर्वाधार, दुई छिमेकी मित्रराष्ट्र भारत र चीन सँगको सन्निकटता, प्राकृतिक सौन्दर्यता, सौम्यता, आध्यात्मिकता, जैविक विविधता, पोखरा उपत्यकादेखि उच्च हिमाल, विशिष्ट प्रकृतिका पर्यटकीय गन्तव्य र उपजहरूका कारण पोखरा गण्डकी प्रदेशको मात्र नभई देशकै प्रमुख पर्यटनको केन्द्र मानिदै आएको छ। जसले पर्यटकीय राजधानी घोषणाका लागि थप आधार प्रदान गरेको छ। पर्यटकीय राजधानी घोषणा गर्ने वा ब्रान्डिङ्ग गर्ने अभ्यास विश्वव्यापी रुपमा प्रचलित रहेको छ। यो गण्डकी प्रदेशले ल्याएको नयाँ नीति भने होइन। विश्वव्यापी रुपमा प्रचलनमा रहेको अभ्यास हो। सांघाइ कर्पोरेशन अर्गनाइजेसन (SCO) ले बर्षेनी सदस्य राष्ट्रका विभिन्न सहरहरूलाई पर्यटकीय राजधानी घोषणा गर्ने गरेको छ। भारतको बनारस (काशी) लाई सन् २०२२/२३ का लागि प्रथम सांस्कृतिक तथा पर्यटकीय राजधानी घोषणा गरेको थियो भने सन् २०२३/२४ का लागि काजकिस्तानको अमाती (Amaty) सहरलाई पर्यटकीय राजधानी घोषणा गरेको छ। त्यसैगरी फ्रान्सको पेरिसलाई City of Lights, मलेसियालाई Truly Asia, भारतलाई Incredible India को रुपमा चिनाउन गरिएका ब्राण्डिङ्गका प्रयासहरू यसका प्रमुख उदाहरणहरू हुन्।

गण्डकी प्रदेशका सबै जिल्लाहरूमा विभिन्न पर्यटकीय विद्याका दृष्टिले पर्यटन विकासको प्रचुर सम्भावना रहेको छ। मुलुककै मध्यभागमा अवस्थित पोखराले गण्डकी प्रदेश अन्तर्गतका सबै जिल्लाहरूको समग्र पर्यटन विकासको समन्वय, सहकार्य र नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने देखिन्छ। गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरी विश्वव्यापीरुपमा चिनाउँदा यसले समग्र राष्ट्रको हितमा काम गर्नेछ भन्ने विश्वास यस घोषणा अभियानले लिएको छ। गण्डकी प्रदेशलाई पर्यटनको केन्द्र (Hub) बनाउने र प्रदेशका अन्य स्थानलाई उप-केन्द्र (Sub-hub) बनाई विकास गर्ने सोच अनुरुप पोखराको सबै प्रदेशसँग हवाई र स्थलमार्गबाट सम्पर्क सञ्जाल भएको कारण अन्य प्रदेशको पर्यटनमा समेत टेवा पुग्ने विश्वास लिइएको छ ।

अतः पोखरालाई पर्यटकीयको राजधानी घोषणा गरी पर्यटन प्रवर्द्धन मार्फत जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन, रोजगारी सृजना, गरिवी निवारण गरी प्रदेश सँगै समग्र राष्ट्रको समृद्धिको यात्रा पूरा गर्ने दिशामा अघि बढ्ने सोचका साथ प्रदेशले यो नीति लिएको छ ।

## २. अध्ययनको उद्देश्य

गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानी घोषणा प्रक्रियालाई अगाडि बढाउन गरिएको अध्ययनको मुख्य उद्देश्य पर्यटकीय राजधानी घोषणाका लागि आवश्यक पूर्वाधारको पहिचान, गण्डकी प्रदेशमा रहेको पूर्वाधारको वर्तमान अवस्था, सेवाको गुणात्मकता वृद्धि गर्न अवलम्वन गरिनुपर्ने विषय, घोषणाका मापदण्डहरू, घोषणाका प्रक्रियाहरू, आगामी रणनीति सहितको प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशमा पेश गर्नु रहेको छ।

## ३. पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको गठन

गण्डकी प्रदेश सरकार (मा.मुख्यमन्त्री) को मिति २०८०/०८/१२ गतेको निर्णयानुसार गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास र घोषणा गर्न विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ **पर्यटकीय राजधानी घोषणा अध्ययन समिति** तपसिल बमोजिमका सदस्यहरू रहने गरि गठन भएको हो ।

### समितिमा रहने पदाधिकारीहरुः

| | | | |
|---|---|---|---|
| क) | उपाध्यक्ष | प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश | संयोजक |
| ख) | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश (उद्योग तथा पर्यटन) | सदस्य |
| ग) | उपाध्यक्ष | शहरी योजना आयोग, पोखरा महानगरपालिका कास्की | सदस्य |
| घ) | प्रमुख | नेपाल पर्यटन बोर्ड, पोखरा कार्यालय | सदस्य |
| ङ) | अध्यक्ष | पोखरा पर्यटन परिषद, कास्की | सदस्य |
| च) | उपाध्यक्ष | पोखरा महानगर पर्यटन विकास समिति | सदस्य |
| छ) | पर्यटन विज्ञ | डा. रामजी शर्मा | सदस्य |
| ज) | पर्यटन विज्ञ | श्री वासुदेव त्रिपाठी | सदस्य |
| झ) | प्रतिनिधि | जिल्ला प्रशासन कार्यालय, कास्की | सदस्य |
| ञ) | प्रमुख | पर्यटक प्रहरी, कास्की | सदस्य |
| ट) | अध्यक्ष | नेपाल पत्रकार महासंघ, कास्की | सदस्य |
| ठ) | महाशाखा प्रमुख | प्रशासन, योजना तथा पर्यटन महाशाखा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश, पोखरा | सचिव |

## ४. अध्ययन समितिको कार्यक्षेत्रगत शर्त

गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास र घोषणा गर्ने प्रयोजनार्थ प्रतिवेदन पेश गर्न गठित **पर्यटकीय राजधानी घोषणा अध्ययन समिति**को कार्यक्षेत्रहरू तपसिल बमोजिम रहनेछन्:

क. पर्यटकीय राजधानीको रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरूको पहिचान गर्ने।

ख. सेवाको गुणात्मकता वृद्धि गर्न अवलम्बन गर्नुपर्ने विषयको पहिचान गर्ने।

ग. पर्यटकीय राजधानी घोषणा गर्नका लागि आवश्यक मापदण्डहरूको पहिचान गर्ने।

घ. पर्यटकीय राजधानी घोषणा गर्ने प्रक्रियाहरूको पहिचान गर्ने।

ङ. अध्ययन गरी तयार भएको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

## ५. अध्ययनको विधि तथा सीमा

पोखरालाई पर्यटकीय राजधानी घोषणा अध्ययन एक समिति गठन भई बहुसरोकारवालाहरूसँग छलफल, कार्यशाला, गोष्ठीमा विद्यमान कानूनी दस्तावेज, राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यास अध्ययन तथा समीक्षा गरिएको छ। यसका साथै गण्डकी प्रदेश, पोखरामा पर्यटनसंग सम्बन्धित विद्यमान अवस्थाको बुझाई र विश्लेषण, राजधानी घोषणा हुँदै गर्दा पर्यटन सेवा र पूर्वाधारको क्षेत्रमा हुने प्रभाव आँकलन र विश्लेषणको आधारमा विभिन्न स्थलगत प्रतिवेदन पर्यटन योजना/गुरुयोजना, ऐन, कानून, नीतिहरूको समीक्षा गर्दै एकीकृत संरक्षण उपयोग र दिगो विकास (Integrated Conservation, Utilization and Sustainable Development (ICUSD) Model) मा आधारित रहेर पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न आवश्यक पर्यटकीय पूर्वाधार, सेवाको गुणस्तर, मापदण्ड र सुझाब तथा सिफारिश संलग्न गरिएको अध्ययन प्रतिवेदन तयार गरिएको हो।

अध्ययन आफैमा सहभागितामूलक विधिबाट तय गरिएको भए तापनि प्रतिनिधिमूलक तवरले सहभागीहरूको बुझाई र धारणा सिमित हुन पुगेको छ। नेपालमा पर्यटकीय राजधानी घोषणा आफैमा नौलो र अनुकरणीय कार्य रहेको यथार्थ बीच अन्तराष्ट्रिय अभ्यास अनुभवलाई स्थानीयकरण गर्नु चुनौतिपूर्ण रहेको। यसका अलवा सीमित अध्ययन, अवधि र समय, जनशक्ति, विज्ञता र प्राविधिक तथा आर्थिक पक्षहरू पनि सीमित रहेको परिप्रेक्षमा यो अध्ययन सम्पन्न गरिएको छ ।

## ६. पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नुको आवश्यकता/औचित्यः

गण्डकी प्रदेश सरकारले आफ्नो नीति, योजना, वजेट र कार्यक्रममा पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य आधार मानेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन मार्फत् प्रादेशिक अर्थतन्त्रको दिगो आधारशिला तयार पार्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ। पोखरामा पर्यटन क्षेत्रमा प्रशस्त लगानी भईसकेको, देशका प्रमुख शहरहरूसँग हवाई तथा स्तरीय बससेवा मार्फत नियमित आवागमन सेवा सञ्चालनमा रहेको, पोखरा पर्यटकको लागि सुरक्षित गन्तव्य रहेको, देशका अन्य पर्यटकीय गन्तव्यहरू पोखरासँग जोडिएको, अन्तराष्ट्रिय रुपमा ख्याती प्राप्त देशका प्रमुख पदयात्रा मार्ग तथा धार्मिक स्थलहरूको प्रवेशद्वारको रुपमा स्थापित भएको, पर्यटकीय सम्पदा तथा गतिविधिको आधारमा पनि अग्रस्थानमा रहेको छ। आगामी दिनमा पर्यटन पूर्वाधारका लागि प्रशस्त लगानी भित्र्याउन तथा ब्रान्डिङ सहितको पर्यटन प्रवर्द्धन गरी विश्व पर्यटन बजारमा प्रतिष्पर्धा गर्न सक्ने वातावरण बनाउन, पोखरामा उल्लेख्य रुपमा पर्यटकको संख्या वृद्धि गर्न र गण्डकी प्रदेशका पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको दिगो विकास गरी गण्डकी प्रदेशलाई पर्यटनको केन्द्र (Hub) र पोखरालाई पर्यटकीय राजधानीको रुपमा घोषणा गर्नुपर्ने आवश्यकता तथा औचित्य देहाय बमोजिम रहेको छ।

<u>क. अन्तर्राष्ट्रिय स्तरका अनुपम विशेषताहरू:</u>

- संसारमा समुद्र सतहदेखि एक हजार मिटर भन्दा कम उचाइबाट ८००० मिटर भन्दा अग्ला हिमाल देख्न सकिने एक मात्र ठाउँ पोखरा हो।
- संसारको उत्कृष्ट पाँच प्याराग्लाइडिङ्ग क्षेत्रमा पर्ने सराङ्गकोट पोखरामा नै पर्छ।
- संसारको सबै भन्दा गहिरो कालीगण्डकी गल्छी गण्डकी प्रदेशमा पर्छ।
- संसारको सबैभन्दा उचाइमा रहेको तिलिचो ताल यसै प्रदेशको मनाङ्ग जिल्लामा पर्छ।
- संसारको उत्कृष्ट १० पदयात्रा मार्गमा पर्न सफल भएको अन्नपूर्ण राउण्ड पदयात्रा मार्ग यसै प्रदेशमा पर्छ।
- संसारका आठ हजार मिटर भन्दा अग्ला १४ वटा हिमाल मध्ये सर्वप्रथम सफल आरोहण गरेको अन्नपूर्ण प्रथम हिमाल यसै प्रदेशमा पर्दछ।
- संसारको सबंभन्दा अग्लो स्थान ल्होमन्थाङ्गमा रहेको निर्माणाधिन गल्फ कोर्स यसै प्रदेशमा पर्दछ।
- संसारका सबैभन्दा सुन्दर चार हिमाल भित्र पर्ने कुमारी माछापुच्छ्रे हिमाल यसै प्रदेशमा पर्छ।

- पर्वत जिल्लाको कुश्मामा निर्माण भइ सञ्चालनमा रहेको संसारको दोस्रो अग्लो बञ्जी जम्प यसै प्रदेशमा पर्दछ।
- बागलुङ्ग जिल्लामा रहेको विश्वमा सबैभन्दा धेरै सवा लाख शालिग्राम शिला संग्रहित शालिग्राम संग्रहालय यसै प्रदेशमा पर्दछ।

<u>ख. राष्ट्रिय स्तरका अनुपम बिशेषताहरू:</u>

- नेपालमा सबैभन्दा धेरै पानी पर्ने कास्कीको लुम्ले र नेपालमा सबैभन्दा कम पानी पर्ने मुस्ताङ्ग यसै प्रदेशमा पर्दछन्।
- नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्ष यसै प्रदेशमा पर्दछ।
- नेपालकै एकमात्र पर्वतीय संग्रहालय पोखरा वडा नं १७ मा पर्दछ।
- नेपालको दोस्रो अग्लो शिवको मूर्ति पोखरा वडा नं २२ को पुम्दीकोटमा पर्दछ।
- नेपालको सबैभन्दा ठूलो संरक्षण क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्र यसै प्रदेशमा पर्दछ।
- नेपालको सबैभन्दा ठूलो लालीगुँरासको घना जङ्गल घोरेपानी क्षेत्र यसै प्रदेशमा पर्दछ।
- सात तालको सहर, सफा र सुन्दर नगरीका रुपमा पोखरा यस अघि नै परिचित छ।
- नेपालको एकिकरण गर्ने राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, भाषिक एकताका प्रतिक आदिकवी भानुभक्त आचार्य, नेपालका प्रथम शहिद लखन थापाको जन्मस्थल गण्डकी प्रदेश अन्तर्गत नै पर्दछ।

## ७. पर्यटकीय राजधानी सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र अभ्यास

पर्यटन उद्योग विश्वव्यापी रुपमै प्रतिष्पर्धी तथा अर्थतन्त्रको प्रमुख आधार बन्दै गएको छ। पर्यटकीय राजधानी घोषणा गर्ने प्रचलन होस् अथवा ब्रान्डिङ्ग गर्ने प्रचलन यो गण्डकी प्रदेशले ल्याएको नयाँ नीति भने होइन। विभिन्न मुलुकहरूले आफ्नो पर्यटकीय उपजहरूको विविधीकरण गरी तुलानात्मक लाभको क्षेत्रको रुपमा विकास गरिरहेका छन्। राष्ट्रिय रुपमा मात्र नभई अन्तर्राष्ट्रिय रुपमा पर्यटनको विकास गर्न विभिन्न देशहरूले आफ्ना गन्तव्य तथा पर्यटकीय उपजलाई ब्राण्डिङ्ग र पर्यटकीय राजधानीको रुपमा विकास गर्दै आएका छन्। सांघाइ कर्पोरेशन अर्गनाइजेसन (SCO) ले बर्षेनी सदस्य राष्ट्रका विभिन्न सहरहरूलाई पर्यटकीय राजधानी घोषणा गर्ने गरेको छ। उक्त संस्थाले भारतको बनारस (काशी) लाई सन् २०२२/२३ का लागि प्रथम सांस्कृतिक तथा पर्यटकीय राजधानी घोषणा गरेको थियो भने सन् २०२३/२४ का लागि काजकिस्तानको अमाती (Amaty) सहरलाई पनि पर्यटकीय राजधानी घोषणा गरेको छ। त्यसैगरी फ्रान्सको पेरिसलाई City of Lights, अमेरिकाको New York लाई "The Big Apple", मलेसियfलाई Truly Asia र भारतलाई Incredible India को रुपमा चिनाउन गरिएका ब्राण्डिङ्गका प्रयासहरू यसका प्रमुख उदाहरणहरू हुन्।

## ८. पर्यटकीय राजधानीका लागि आवश्यक पूर्वाधारहरू:

पर्यटकीय राजधानी घोषणाका लागि आवश्यक पूर्वाधारहरू र गण्डकी प्रदेशमा ती पूर्वाधारहरूको वर्तमान अवस्था निम्नानुसार रहेको छ।

| क्र.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| **८.१.पर्यटकीय आकर्षण (Attractions)** | | |
| ८.१.१ | प्राकृतिक आकर्षणतर्फ | |
| | • युनेस्कोको सम्भावित सूचीमा रहेका सम्पदाहरू (Sites on the Tentative List) | • ल्होमन्थाङ्ग लगायत मुस्ताङ्ग उपत्यका<br>• गोरखा दरबार |
| | • विश्व सम्पदा सूचीमा सूचीकृत प्राकृतिक सम्पदाहरू | • चितवन राष्ट्रिय निकुञ्ज (नवलपुर खण्ड) |
| | • विश्वमा रहेका ८,००० मिटर भन्दा अग्ला हिम शिखरहरू | • अन्नपूर्ण प्रथम ८,०९१ मी., धवलागिरि हिमाल ८,१६७ मी., मनास्लु ८१६३ मी. |
| | • तालतलैया तथा रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्रहरू | • संसारको सबैभन्दा अग्लो ४९१९ मी. अग्लो स्थानमा रहेको तिलिचो ताल, काजिनसारा ताल, दामोदर कुण्ड, नागेपोखरी, दूधपोखरी, निम्चेपोखरी, नारदपोखरी, बराहताल, नायबपोखरी, पिपराताल लगायतका तालहरू तथा फेवाताल, वेगनासताल, रुपाताल, दिपाङ्ग, खास्टे, मैदी, गुदे, न्यूरिनी र कमलपोखरी लगायतका रामसार सूचीमा सूचीकृत तालतलैयाहरू। |
| | • आकर्षक गन्तव्य तथा पदमार्गहरू | • अन्नपूर्ण राउण्ड, राउण्ड फेवा-भ्यू फेवा, पुनहिल, मर्दी हिमाल, जोमसोम, पञ्चासे, घान्द्रुक, सिक्लेस, खोप्रा लेक, माछापुच्छ्रे मोडल, धवलागिरि राउण्ड, मनास्लु राउण्ड, चुमभ्याली ट्रेक, खयर लेक, मोहरे डाँडा, मिलिनियम ट्रेक, कोरी, कपुचे लेक, गुरुङ्ग सम्पदा पदमार्ग, राउण्ड ढोरपाटन, घुम्टे पदमार्ग, धुरिमार्ग, पञ्चासे, रोयल ट्रेक लगायतका पदमार्गहरू |
| | • हिलस्टेशनहरू | • मट्टिखान, अष्ट्रेलियन क्याम्प, पुनहिल, नुवाकोट, बेगनास डाँडा, हाँडिकोट, पाञ्चाकोट, संसारकोट, मानुङ्गकोट, तीब्रीकोट, सुनाझाँक्री तथा स्लिपिङ्ग |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | | बुद्ध, भ्युप्वाइन्ट, धम्पुस, नौडाँडा, रमाइलोडाँडा पार्क, लिगलिग, सिरानडाँडा, बारपाक, चुमभ्याली, नुब्रीभ्याली, काहुँडाँडा, निर्मलपोखरी, पुम्दीडाँडा, ढिकीडाँडा, अस्ताम, टोड्के, कर्पुडाँडा, गुरुङ हिल, मट्टिखान आदि हिल स्टेशनहरू। |
| | • नदीनाला तथा झरनाहरू | • बूढीगण्डकी, त्रिशुली, दरौंदी, चेपे, मर्स्याङ्दी, दोर्दी, सेतीगण्डकी, कालीगण्डकी, मादी, मोदी, उत्तरगंगा, बडिगाड, डेभिज फल्स, झाँक्री फल्स, रुप्से छहरा , च्याम्चे छहरा, धुनिखोक झरना, गाइघाट झरना आदि। |
| | • भौगर्भिक तथा भौगोलिक विविधता | • संसारको सबैभन्दा गहिरो कालीगण्डकी गल्छी ५५७१ मी., शालिग्राम, युरेनियम तथा सुन पाइने कालिगण्डकी उपत्यका, तातोपानीका कुण्डहरू, अल्पेश्वर गुफा, पार्वती गुफा, मर्स्याङ्गदी उपत्यका, महेन्द्र गुफा, गुप्तेश्वर गुफा, सिद्ध गुफा, व्यास गुफा, ठोटनेरी बतासे गुफा मुस्ताङ्गमा रहेका गुफा लगायतका गुफाहरू, छोसेर गुफा, मिलेनियम गुफा, भालुपहाड, के.आइ. सिंह ब्रिज, फिस्टेल भ्यु ब्रिज आदि। |
| | • जैविक विविधता | • अन्नपूर्ण क्षेत्र, मनास्लु क्षेत्र, ढोरपाटन सिकार आरक्ष, पञ्चासे, पचभैया, मुस्ताङ्ग, भानु लगायतका ठाउँमा पाइने विभिन्न प्रजातिका जीवजन्तु, वनस्पती तथा चराचुरुङ्गीहरू, पुरानो पोखराको सम्पदा संरक्षण<br>• शान्ति वन बाटिकामा बोटानिकल गार्डेन |
| | • वातावरण | • बाह्रै महिना पर्यटनमैत्री वातावरण |
| ८.१.२ | धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा ऐतिहासिक | |
| | • राष्ट्रिय महत्वका धार्मिक, सांस्कृतिक, मठ, मन्दिर, चैत्य गुम्बा, मस्जिद, गढी आदि । | • कास्कीको विन्ध्यवासिनी मन्दिर, फेवा ताल बिचमा रहेको तालवाराही मन्दिर, भद्रकाली, विश्व शान्ति स्तुपा, पुम्दीकोट शिव मन्दिर, कास्कीकोट, रत्नमन्दिर, हिमागृह, माटेपानी गुम्वा, वराह मन्दिर बेगनास ठुलाकोट, रुपाकोट, मानवसेवा आश्रम तथा लक्ष्मीनारायण मन्दिर, अर्मलाकोट आदि। |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | | • बागलुङको कालिका मन्दिर, पञ्चकोटधाम, भैरवस्थान मन्दिर, सत्यवती मन्दीर, मोदीबेनी, नर्सिङ्गकोट, अर्नाकोट, ढोरबराह, भैरवस्थान, गलेश्वरधाम, रायडाँडाको बौद्ध स्तुपा, जैमिनीधाम, थानपति, सिद्धबाबा, गल्कोटकोट आदि।<br>• पर्वतको बाटुलेचौर कालिका मन्दिर, विश्वकै ठूलो शालिग्राम शिला, पञ्चासेधाम, महाशिला, शहश्रधारा, पार्वतीगुफा, कालाञ्जर पर्वत आदि।<br>• तनहुँमा रहेको देवघाट, वेदव्यास, परासर, भानु जन्मस्थल, थानीको थान, ढोरबाराही, ऋषिङ्गकोट छाब्दीबाराही, आँधिमुल, तनहुँ कालिका, क्यामिन कालिका आदि।<br>• नवलपुरमा रहेको त्रिवेणीधाम, मौलाकालिका, शाश्वतधाम आदि।<br>• म्याग्दीको गलेश्वरधाम, जगन्नाथ मन्दिर, महालक्ष्मी मन्दिर आदि।<br>• मुस्ताङमा रहेको मुक्तिनाथ मन्दिर, दामोदर कुण्ड तथा ल्होमन्थाङ दरबार आदि।<br>• लमजुङ जिल्लामा रहेको ईशानेश्वर महादेव मन्दिर, लमजुङ दरबार, राइनासकोट, उदिपुर कालिका, अकला मन्दिर, बेंशिसहर गुम्बा आदि।<br>• गोरखाको मनकामना मन्दिर, ऐतिहासिक गोरखा दरबार, ऐतिहासिक लिगलिगकोट, हर्मीकोट, सुलिकोट, अजिरकोट, श्रीनाथकोट, ताग्राङ्गकोट, बोर्लाङ्गकोट, थलाचोक शिलतादेवी मन्दिर, अमरसिंह थापा पार्क, भुमेथान मन्दिर, कालुपाण्डेको सालिक, भीमसेन थापाको सालिक, गंगाजमुना मन्दिर, आरुपोखरी, सीतलामाइ मन्दिर तथा कोटघर, ठोट्नेरी कालिका मन्दिर, सत्यकन्यादेवी मन्दिर, टेपचेत मन्दिर, गङ्चेतदेवीस्थान, उर्खुमगुफा मन्दिर आदि।<br>• स्याङ्गजाको मनकामना, सतौंचण्डीस्थान, छाङ्छाङदी, अन्धाअन्धी दह, आलमदेवी, खर्सुको |

| क्र.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | | लेक, लसर्घा, भिरकोट, नुवाकोट।<br>• अन्तराष्ट्रिय पर्वतीय संग्रहालय, क्षेत्रीय संग्रहालय लगायत विभिन्न जातजाति तथा धर्म संस्कृतिका संग्रहालयहरू |
| | • जातजातिहरू, धर्म संस्कृतिहरू | • ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, नेवार लगायतका जनजाति, आदिवासीहरूका रीतिरिवाज, चाडपर्व, घाटु नाच, कौडा, भैरव नाच, सोरठी, घाटु, मारुनी लगायतका नाचहरू, रोदी, दोहोरी, सालैजो, लोकभाका, झ्याउरे लगायतका गीत संगीतहरू आदि। |
| | ग्रामीण पर्यटन तर्फ<br>• प्रशिद्ध होमस्टे तथा जातीगत मौलिक संस्कृति तथा परम्परा | • सिरुबारी, घले गाउँ, ह्याङ्जाकोट, ल्वाङ-घलेल, सिक्लेस, तान्तिङ्ग, बारपाक, लम्की सिरानडाँडा, पाच्यान, चुमनुब्री, धार्चे, भुजुङ, भकुण्डे, अमलटारी, बन्दिपुर, रामकोट, चित्रे, पिप्रहर जस्ता होमस्टेहरू।<br>• तिजि नाँच (लामा नाँच), कौरा नाच, मारुनी नाँच, लठ्ठी नाँच |
| ८.१.३ | पर्यटकीय साहसिक तथा मनोरञ्जनात्मक क्रियाकलाप | |
| | • आरोहणका लागि खुला गरिएका हिमशिखर तथा अन्य शिखरहरू | • मनास्लु, सिगुचुली, अन्नपूर्ण हिमाल, चुलु पश्चिम (मनाङ), पिसाङ पिक (मनाङ), धमपुस पिक, टुकुचे पिक, निलगिरी, लमलुङ्ग हिमाल, हिउचुली अन्नपूर्ण, चुलु पूर्व सहित १३८ वटा हिमचुलीहरू। |
| | साहसिक क्रियाकलापहरू:<br>• स्थल, जल र हवाई क्षेत्रसँग सम्बन्धित साहसिक गतिविधिहरू | • हाइकिङ्ग, ट्रेकिङ्ग, पर्वतारोहण, राफ्टिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बोटिङ्ग।<br>• सराङकोट, स्वरेक मैदान बन्दिपुर लगायतका स्थानमा सञ्चालित प्याराग्लाइडिङ, अल्ट्रालाईट, पर्वतको कुश्मामा रहेको विश्वकै दोस्रो अग्लो बन्जी जम्प, स्वीङ्ग र पोखरामा रहेका बन्जी जम्पहरू।<br>• स्काई डाईभ, हट एयर बेलुन, माउण्टेन फ्लाइट आदि जस्ता हवाई खेल।<br>• जिप लाईन, केबलकार, पोनी ट्रेक आदि जस्ता |

| क्र.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | | मानवनिर्मित साहसिक क्रियाकलाप।<br>• नवलपूर चितवन राष्ट्रिय निकुञ्ज र नवलपुरको वफरजोनमा हुने जंगल सफारी<br>• नेपालमा मात्र पाइने काँडेभ्याकुर, विश्वकै दुर्लभ चराचुरुङ्गीहरू लगायत पोखरा उपत्यकामा पाइने ४८८ तथा गण्डकी प्रदेशमा पाइने ६०० भन्दा बढी चराहरूको अवलोकन |
| | • Theme Parks, Sports, Cinema, Shopping mall, Theatre & Live Music | • पोखरा रङ्गशाला लगायत प्रदेशभित्रका खेलमैदानहरूमा खेलाईने राष्ट्रियस्तरका फुटबल, भलिबल, क्रिकेट, आर्चरी, गल्फ, टेनिस लगायतका खेलहरू<br>• Mid Town Galleria, Pokhara Cineplex, Movie Garden जस्ता सिनेमा हल<br>• Pokhara Theatre |
| | • Landmarks and Monuments | • शहिदपार्क, गोरखा स्मारक, शहिद स्मृति पार्क, |
| **८.२ यातायातको पहुँच र आबद्धता (Accessibility and Connectivity)** | | |
| | **यातायात सुविधा**<br>• हवाई मार्ग<br>• स्थल मार्ग<br>• जल मार्ग<br>• रोपवे<br>• रेलवे<br>• बसपार्कहरू | • पोखरा अन्तर्राष्ट्रिय विमानस्थल<br>• पोखरा विमानस्थल<br>• पोखराबाट काठमाण्डौ, नेपालगंज, भैरहवा, भरतपुर, जोमसोम, सिमरा, धनगढी, जनकपुर, भद्रपुर र विराटनगरसम्म हवाई सेवा विस्तार गरिएको।<br>• प्रदेशभित्रका प्रत्येक जिल्ला सदरमुकाम, स्थानीय तहको केन्द्रसँग पोखराको सडक संजाल विस्तार भएको।<br>• पोखरा महानगरपालिका भित्र मात्रै १७४० कि.मि. को सडक सञ्चाल रहेको छ ।<br>• पोखराबाट नेपालभित्रका विभिन्न ३४ प्रमुख शहरहरूमा दैनिक रुपमा सार्वजनिक यातायातका साधन सञ्चालन हुने गरेका छन ।<br>• विभिन्न विकास साझेदारसँगको सहयोगमा यातायात पूर्वाधार निर्माण तथा स्तरोन्नतीका कामहरू भइरहेको (तालचोक- बेगनास सडक, |

| क्र.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | | सिसुवा- सिसाघाट सडक, दोबिल्ला-बागमारा-पुँडिटार सडक, पोखरा अन्तराष्ट्रिय विमानस्थलदेखि सहिदचोकसम्म बैकल्पिक तथा द्रुतमार्ग निर्माण प्रक्रियामा रहेको।)<br>• पोखराका नौ वटा ताल जोड्ने ८५ कि.मी. लेक टु लेक साइकल ट्र्याक निर्माणको प्रक्रिया अगाडि बढीरहेको।<br>• पञ्चासे पर्यावरणीय विकास तथा पहुँच मार्ग<br>• पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग, मध्यपहाडी राजमार्ग, पोखरा-बेनी-जोमसोम राजमार्ग पोखरासँग जोडिएको।<br>• कालीगण्डकी कोरिडोर सडक, सालझान्डी-ढोरपाटन सडक।<br>• पोखरामा पृथ्वी राजमार्ग बसपार्क, बागलुङ बसपार्क र पर्यटक बसपार्क रहेका। (पर्यटक स्तरमा ३०० भन्दा बढी यातायातका साधनहरू)<br>• प्रत्येक जिल्लामा बसपार्कहरू<br>• पोखराबाट नयाँ दिल्ली, काठमाण्डौ, सुनौली, नेपालगञ्ज, वीरगञ्ज, कांकडभिट्टा, जोगबानी,महेन्द्रनगर सम्मको बससेवा संचालन रहेको छ ।<br>• मनकामना केवलकार, अन्नपूर्ण केवलकार, मौलाकालिका केबलकार र बन्दिपुर केबलकार |
| **८.३ आवास तथा भोजन (Accommodation/Lodging and Fooding)** | | |
| | आवासका लागि पूर्वाधारहरू<br>• तारे तथा गैह्र तारे होटेल, रिसोर्ट मोटेल<br>• लज, गेष्ट हाउस<br>• Hostels<br>• Holiday Villages<br>• Service Apartments<br>• Camping/Caravanning Sites<br>• Vacation Rentals | • पाँचतारे २, चारतारे ७, तिनतारे, दुईतारे, एकतारे र गैह्रतारे गरि पोखरा र आसपासमा ४०,००० बेड संख्या भएका पर्यटन स्तरका १२०० होटेल, लज तथा गेष्टहाउसहरू संचालनमा रहेका<br>• पोखरा बाहिर रहेका जिल्ला सदरमुकाम र मुख्य पर्यटकीय गन्तव्यहरूमा उल्लेख्य मात्रामा होटेल संचालनमा रहेका<br>• गण्डकी प्रदेशभित्र ३५० भन्दा बढी संख्यामा |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | • Exotic Hotels<br>• रेष्टुरेण्ट<br>• कफी सप/टि सप/बेकरी<br>• होमेस्टेहरू | होमस्टे संचालनमा रहेका<br>• ३०० भन्दा बढी रेष्टुरेन्ट |
| **८.४ पर्यटकीय सुविधाहरू (Amenities)** | | |
| | • Standard Dining Areas<br>• Banking Service<br>• E-Payment<br>• मुद्रा सटही व्यवसाय<br>• ट्राभल एजेन्सी<br>• ट्रेकिङ्ग एजेन्सी<br>• ट्रेकिङ्ग सामग्री पसल<br>• गार्मेन्ट पसल<br>• स्पा व्यवसाय<br>• कोसेली घर<br>• पर्यटक किताब पसल | • करिव ३०० रेष्टुरेण्ट<br>• नेपाल राष्ट्र बैंकको प्रादेशिक कार्यालय<br>• वित्तिय संस्थाहरू<br>• ATM Counter<br>• मुद्रा सटही व्यवसाय ४२ वटा<br>• २५० वटा ट्राभल एजेन्सी<br>• १७५ टेकिङ्ग एजेन्सी<br>• १०५ वटा ट्रेकिगं सामग्री पसल<br>• ७५ वटा गार्मेन्ट सप<br>• ६३ वटा स्पा<br>• १५ वटा  पर्यटक पुस्तक पसल<br>• डुँगा व्यवसाय ५०२ वटा<br>• र्याफ्टिङ्ग व्यवसाय १२ वटा<br>• प्याराग्लाइडिङ्ग ७४ वटा<br>• अल्ट्रालाईट ३ वटा |
| **८.५ पर्यटकीय गतिविधिहरू (Tourism Activities)** | | |
| | • विश्वका विशिष्ट व्यक्तित्वहरूलाई आमन्त्रण र भ्रमण<br>• अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार<br>• राष्ट्रिय स्तरमा गरिएका प्रचार प्रसार<br>• कार्यक्रम | • सन् १८९९ मा जापानी भिक्षु इकाइ कावागुचीले पोखरा हुँदै तिब्बतको भ्रमण गर्नु भएको<br>• सन् १९६१ मा बेलायती महारानी एलिजाबेथ द्वितीयले पोखरा भ्रमण गर्नु भएको<br>• सन् १९८० देखि विभिन्न समयमा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टरको पोखरा भ्रमण<br>• सन् १९८१ मा बेलायती राजकुमार चार्ल्सको पोखरा भ्रमण<br>• सन् १९८१ मा भारतीय राष्ट्रपति निलम सञ्जिवा रेडीको भ्रमण<br>• सन् १९८७ मा जापानी राजकुमार नारुहितो को भ्रमण सन् २०१६ मा भारतीय विदेश मन्त्री सुष्मा स्वराजको भ्रमण |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | | • सन् २०१८ मे १२ मा भएको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमण<br>• सन् २०१९ बंगलादेशी राष्ट्रपति मोहम्मद अब्दुल हमिदको भ्रमण<br>• संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटरेसको २०२३ अक्टोवर ३० र ३१ को भ्रमण<br>• पर्यटन व्यवसायीले गरेको B2B, B2C सेल्स मिसन कार्यक्रम<br>• अन्तर्राष्ट्रिय स्तरमा गरेको सेमिनार<br>• भारतका विभिन्न सहरहरूमा पोखरेली पर्यटन व्यवसायीद्वारा गरिने ***चलिए पोखरा*** कार्यक्रम<br>• रोड-शो<br>• ट्राभल मेला<br>• पोखरा फाम ट्रिप<br>• पर्यटन व्यवसायीबाट गरिएका प्रेस मिट<br>• अन्य प्रदेशमा गरिएका जाँउ है पोखरा कार्यक्रम<br>• पर्यटन व्यवसायीले वेभसाइट र सामाजिक सञ्जाल मार्फत गरिएका प्रचारप्रसार<br>• अन्तर्राष्ट्रिय पर्यटन दिवस<br>• अन्नपूर्ण तथा धौलागिरी आरोहण दिवस<br>• नेपाल पर्यटन बोर्डबाट हुने विदेशमा हुने प्रचार प्रसारात्मक कार्यक्रम<br>• NRN तथा डायस्पोराबाट हुने प्रचारप्रसार कार्यक्रम<br>• विदेशी पर्यटकले आफ्ना भ्रमण अनुभवलाई विद्युतीय माध्यमबाट गर्ने प्रचार प्रसार |
| **८.६ सेवा प्रदायकहरू (Service Providers)** | | |
| | • सरकारी निकाय<br>• निजी क्षेत्र | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरू<br>• नेपाल पर्यटन बोर्ड<br>• पोखरा महानगरपालिका लगायतका स्थानीय तहहरू<br>• पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा विमानस्थल |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
| --- | --- | --- |
| | | • गण्डकी प्रदेशका होटेल, ट्राभल, ट्रेकिङ्ग लगायत पर्यटन क्षेत्रमा कार्यरत ७५,००० भन्दा बढी जनशक्ति<br>• पर्यटन विकास समिति, पोखरा महानगरपालिका<br>• शहरी योजना आयोग, पोखरा महानगरपालिका |
| **८.७ कानुनी संरचना (Legal Framework)** | | |
| | • संविधान<br>• आवधिक योजना (संघीय, प्रादेशिक तथा स्थानीय)<br>• नीतिहरू<br>• विषयगत ऐनहरू<br>• कार्यविधिहरू, मापदण्डहरू र निर्देशिकाहरू | • संविधानको धारा ५१ (ठ) पर्यटन सम्बन्धी नीतिको व्यवस्था<br>• पर्यटन नीति, २०६५<br>• संघीय पर्यटन ऐन र नियमावली<br>• गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ तथा नियमावली, २०७९<br>• पर्यटन ऐन, २०७७, पोखरा महानगरपालिका |
| **८.८ शान्ति सुरक्षा (Safety and Security)** | | |
| | • Free exploration of different parts of the destination<br>• Safety travel in every parts of the city<br>• Ensuring quick and timely security<br>• World-Class policing (quick, efficient & actionable)<br>• Well-equipped hospital with quality treatment | • पर्यटक प्रहरी (पोखरा,धम्पुस, घान्द्रुक, चामे, घोरेपानी र जोमसोम)<br>• पर्यटकलाई आपतकालिन अवस्थामा सुरक्षा एवम् उद्दारसेवा प्रदान गर्नका लागि विभिन्न स्थानमा हेलिप्याडको व्यवस्था गरिएको<br>• १ क्षेत्रिय अस्पताल, १४ सरकारी अस्पताल, २४ प्राथमिक स्वास्थ्य केन्द्र, ३४ निजि अस्पताल र २ शिक्षण अस्पताल<br>• टेलिफोन सबै जिल्लामा र इन्टरनेट ८१ वटा स्थानीय तहमा<br>• जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय<br>• पर्यटक सूचना केन्द्र |
| **८.९ आर्थिक प्रभाव (Economic Impact)** | | |
| | • Job creation<br>• Revenue generation<br>• Business opportunities<br>• Indirect beneficiaries | पर्यटन क्षेत्रबाट ७५००० भन्दा बढी रोजगारी सिर्जना भएको। |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| **८.१० अन्तर्राष्ट्रियस्तरका सभा सम्मेलन केन्द्र (International level MICE Centre)** | | |
| | • Centres<br>• Halls for national and Int'l meetings<br>• For corporate travel, training & Incentives<br>• National & Int'l conferences<br>• For trade shows<br>• Events & Exhibitions | • पोखरा सभागृह<br>• पोखरा प्रदर्शनी केन्द्र<br>• होटल तथा रिसोर्टमा रहेका सभाहलका सुविधाहरू |
| **८.११ Satellite Destinations** | | |
| | • Development of satellite destinations<br>• Satellite-core connection<br>• Product/service diversfiction | • बञ्जीजम्प, प्याराग्लाइडिङ्ग, अल्ट्रालाईट, जिप फ्लाएर, र्यापिटङ्ग लगायत साहसिक पर्यटनका गतिविधिहरू, अन्नपूर्ण क्षेत्र, मनास्लु क्षेत्र, मनाङ्ग, मुस्ताङ्ग लगायत क्षेत्रमा रहेका पदमार्ग तथा ट्रेकिङ्ग मार्ग हरू, विभिन्न जिल्लामा रहेका होमस्टे जस्ता ग्रामिण पर्यटनहरू,<br>• धार्मिक स्थलहरू, मनोरञ्जनात्मक गतिविधिहरू<br>• ऐतिहासिक, सांस्कृतिक सम्पदाहरू,<br>• जंगल सफारी तथा चरा अवलोकन जस्ता गतिविधिहरू |
| **८.१२ नवप्रवर्तन, विकास र सौन्दर्यीकरण (Innovation, Development & Beautification)** | | |
| | • Product/Service innovation<br>• Exploration, development & addition of new products/Services<br>• Beautification of existing products | • साल्मेडाँडाको गोरखा स्मारक, फेदीखोला<br>• पुम्दीकोटको शिव मन्दिर,<br>• रक क्लाइम्बिङ्ग, मेथलाङ्ग<br>• पर्वतीय संग्रहालय, विरौटा<br>• क्यान्योनिङ्ग, माछापुच्छ्रे ल्वाङ्ग<br>• पचभैया प्राणी उद्यान, भानु प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र<br>• चरा अवलोकन, बन्जी जम्पिङ्ग<br>• गल्छी (Gorge) अध्ययन |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| **८.१३ लाभ वितरण संयन्त्र (Benefit Sharing Mechanism)** | | |
| | • Inclusion<br>• Equitable benefit<br>• Channel of benefit distribution<br>• Gift & souvenir production<br>• Indirect & induced benefits | • गण्डकी प्रदेशमा एक जना पर्यटक आउँदा करिब १० क्षेत्रमा रोजगारीको सिर्जना हुन्छ।<br>• ग्रामिण पर्यटन तथा पदयात्रा पर्यटनले आम्दानीलाई तल्लो तह सम्म पुर्याएको छ।<br>• हिमाल आरोहण लगायत विभिन्न क्षेत्रबाट प्राप्त रोयल्टी सरकारका तीनै तहमा वितरण हुन्छ। |
| **८.१४ दीगो अभ्यास (Sustainable Practices)** | | |
| | • Socio-Cultural Sustainability<br>• Environment Sustainability<br>• Economic Sustainability | • सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट सामाजिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा मौलिक सम्पदाको संरक्षणमा सहयोग हुँदै आएको छ।<br>• पर्यटनबाट रोजगारी सिर्जना, आय आर्जन तथा राजश्व संकलन हुँदै आएको छ।<br>• पर्यटन क्षेत्रमा लगानीको वृद्धी भईरहेको छ। हरित लगानी (Green Investment) मा जोड दिइएको |
| **८.१५ पर्यटकको अनुभव (Visitors' Experience)** | | |
| | • Repeat visitation<br>• Positive reviews<br>• Mouth publicity<br>• Photo & Status & views in social media | • पोखरामा दोहोरिएर भ्रमण गर्नेको संख्या उच्च रहेको<br>• पोखराका पहिलो पर्यटक ईकाइ कावागुची, भारतीय विदेश मन्त्री शुष्मा स्वराज लगायत विशिष्ट व्यक्ती तथा पर्यटकहरूले विभिन्न सामाजिक सञ्चालमार्फत पोखराको सुन्दरताको विषयमा वर्णन गरेका<br>• विभिन्न पर्यटकहरूले आफ्नो बुकिङ्ग साइट, ट्रिप एजभाइजर लगायतका विद्युतीय माध्यममा पोखरा र गण्डकी प्रदेशका भौगोलिक विविधता, सांस्कृतिक वैभवता तथ नेपालीको हँसिलो मुहार सहितका फोटो तथा भिडियो सम्प्रेषण गर्ने गरेका। |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| **८.१६ प्रभाव मुल्याङ्कन संयन्त्र (Impact Assessment Mechanism)** | | |
| | • Regular impact assessment on environment, society, culture and economy<br>• Destination Management Organizations (DMOs)<br>• Assessment Authority<br>• State/Provincial Role on various impact<br>• Tourism Development and Management Authority | • विभिन्न पर्यटकीय गन्तव्यहरूमा वातावरण संरक्षण, आयको न्यायोचित वितरण, पर्यटकको आतिथ्यता आदिलाई व्यवस्थित गर्न गन्तव्य व्यवस्थापन समितिहरू गठन भई कार्यरत रहेको।<br>• पोखरा महानगरपालिका लगायतका स्थानीय तहले पर्यटन विकास समितिको गठन गरेको। |
| **८.१७ रैथाने परिकार (Local Culinary Services)** | | |
| | • Local Food<br>• Local Beverage<br>• Traditional cuisine<br>• Branding of Food and Beverages | • विभिन्न होटल रेष्टुरेन्ट, होमस्टेहरूमा परम्परागत रैथाने नेपाली खानाका परिकारहरू उपलब्ध हुने गरेको।<br>• परम्परागत प्रविधिबाट उत्पादित स्थानीय पेय पदार्थ (कोदोको रक्सी, छ्याङ, फलफूलको वाइन तथा ब्राण्डी, जाँड, तुम्बा) को उपयोग हुँदै आएको। तर कतिपयको ब्राण्डिङ्ग हुन बाँकी रहेको। |
| **८.१८ मेला महोत्सव (Events and Festivals)** | | |
| | • Regular History of Events and Carnivals (मेला महोत्सव तथा प्रतियोगितात्मक महोत्सव)<br>Cultural Celebrations (तिजी) | • पोखरा सडक महोत्सव, रोपाइँ महोत्सव, आलु महोत्सव, पोखरा महोत्सव, लेखनाथ महोत्सव लगायतका विभिन्न स्थानमा हुने मेला महोत्सव, औद्योगिक व्यापार मेला, आहा गोल्डकप, ड्रागन बोट रेस, अन्तराष्ट्रिय प्याराग्लाइडिङ्ग प्रतियोगिता, पोखरा माउन्टेन बाइक क्रस कन्ट्री रेस, पोखरा म्याराथन, माघे सक्रांन्ती मेला, ठूली एकादशी मेला, मुस्ताङ्गमा हुने तिजी मेला, यार्थुङ्ग, तोरन्ल लगायतका मेला। |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| **८.१९ बजारीकरण र प्रवर्द्धन (Marketing and Promotion)** | | |
| | • Assigned organization for marketing and Promotion<br>• Effective Promotion as per Segmentation<br>• Market Innovation<br>Positioning and Branding<br>• Tourist data and information | • गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका तथा निजी क्षेत्रका विभिन्न पर्यटन सम्बद्ध संघसंस्थाहरूद्वारा देश विदेशका पर्यटन बजारमा गरिने प्रेस मिट, मेला, महोत्सव, प्रदर्शनी, सेल्स मिसन, होमस्टे मार्ट, रोड शो आदि हुने गरेका।<br>• विभिन्न प्रकारका पर्यटन बजार प्रबर्धनका लागि फरक फरक प्याकेज, फोटो, भिडियो लगायतका प्रबर्धनात्मक प्रचार सामाग्रीको उत्पादन तथा वितरण हुने गरेको।<br>पोखराको सिटी ब्राण्डिङ्गका लागि Paradise Pokhara, Pokhara Pure as Paradise जस्ता Tagline सहित Positioning र Branding गर्दै आइरहेको। |
| **८.२० आतिथ्यता तथा सेवा (Hospitality and Services)** | | |
| | • Trained Human Resources (Hotel, Restaurants, Tours and Trekking)<br>• Tourist Information Centres (TICs)<br>• QR Code with updated Information in different Locations<br>Tourism Friendly Environment/ Welcome/ Reception in different Parts of City and Other Locations | • विभिन्न कलेजहरूमा Tourism Hospitality बिषयमा स्नातकोत्तर सम्मको कक्षा सञ्चालन भैरहेको ।<br>• GTEVTA, CTEVT को आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरूमा पर्यटनसंग सम्बन्धित बिषयमा अध्यापन तथा तालिम भैरहेको ।<br>• नीजि क्षेत्रका बिद्यालयहरूमा कक्षा ११/१२ मा पर्यटन तथा होटल व्यवस्थापनमा अध्यापन भैरहेको ।<br>• विभिन्न सरकारी निकाय तथा नीजि क्षेत्रका तालिम इन्टिच्युटहरूबाट पर्यटन तथा होटलसंग सम्बन्धित विभिन्न विषयमा तालिम कार्यक्रमहरू सञ्चालन भैरहेको ।<br>• पर्यटन व्यावसायसंग सम्बन्धित संघ संस्थाहरूबाट पर्यटनसंग सम्बन्धित विभिन्न विषयमा तालिम, |

| क.स. | आवश्यक पूर्वाधार | वर्तमान अवस्था |
|---|---|---|
| | | अभिमुखिकरण, कार्यशाला आदि कार्यक्रम सञ्चालन भैरहेको ।<br>• नेपाल पर्यटन बोर्ड, पोखरामा पर्यटन सूचना केन्द्र स्थापना गरी सेवा प्रवाह भैरहेको ।<br>• ACAP बाट बिभिन्न ७ वटा विन्दुमा पर्यटन सूचना केन्द्र स्थापना गरी सेवा प्रवाह भैरहेको ।<br>• गण्डकी प्रदेश सरकार मातहतका पर्यटन तथा उद्योग कार्यालयहरू, पोखरा महानगरपालिकामा रहेको पर्यटन शाखाबाट पर्यटन सम्बन्धमा सेवा तथा सूचना प्रवाह भैरहेको ।<br>• पोखरा पर्यटन परिषदबाट विभिन्न पर्यटकीय स्थलहरूमा QR Code तथा गाउँ पर्यटन प्रवर्धन मञ्च (VITOF) ले एप्स सञ्चालन गरी सूचना प्रवाह गरेको । |

## ९. सेवाको गुणात्मकता अभिवृद्धि गर्न अवलम्बन गर्नुपर्ने विषयको पहिचान

### ९.१ मानव संसाधन विकास (Human Resource Development)

- तालिम प्राप्त जनशक्ति (Chef, Waiter, Bar Tender, Content Developer, City Guide, Tour & Trekking Guide, Multi-Language Guide)

### ९.२ पर्यटक सूचना केन्द्रहरू (Tourist Information Centre)

- पर्यटकीय गन्तव्यहरू, महत्वपूर्ण पर्यटकीय स्थल जस्तै बसपार्क, विमानस्थल, अस्पतालमा जानकारी अद्यावधिक गरिएका QR Code तथा डिजिटल साइनेज
- पर्यटक सूचना केन्द्र (TIC)

### ९.३ पर्यटनमैत्री सेवामा सुधार (Tourism-friendly Service)

- Hospitality, Tax, Permit, Fare & Tariff, Information, No Horn, No Hassle Zone, E-Payment, Package

### ९.४ स्मार्ट यातायात व्यवस्था (Smart Transportation)

- Online Transportation Service, Shuttle Bus Service, Fast Track, Alternative Route, 24 Hour Secured Public Transportation Service, Tourist Transportation Service, EV Service, Night Air Service, Route Condition Improvement

### ९.५ सुरक्षा र सुरक्षित (Strong Public Safety System & Security)

- Tourist Police, Civil Police, RRT Management, Insurance, Free Tourist Mobility, Crime Control, Fire, Disaster Management, Emergency Medical Services,

### ९.६ प्रशासनिक सेवा तथा सहजिकरण

- Immigration Office, Custom Office, Security, Health Check, On-arrival Visa, Help Desk, Permit

### ९.७ थप सेवा तथा सुविधा (Amenities)

- Guided Tour, Night Life, Shopping, Spa, Fitness, Pub, Disco, Free Wi Fi, Yoga, Meditation, Health Care, Safe Drinking Water, Cafe, Dance Club, Horse Riding, Sightseen, Adventure Activities, Swimming, Hiking, Bird Watching, Museum, Movie & Theater, Cultural Show & Event, Banking Facilities, Festival, Special Eateries, Multi Cuisine Restaurant

### ९.८ सौन्दर्यीकरण (Beautification)

सडक पुनरुत्थान, उर्जा प्रभावकारी सडक वत्ती, Greenery & Gardening, सडक किनाराको पार्किङ्ग व्यवस्थापन, सरसफाई व्यवस्थापन

### ९.९ नवीनतम् सोच र दिगो पर्यटन विकास अभ्यास (Innovation and Sustainable Tourism Development Practice)

Use of Renewal energy, Carbon Neutral Production and consumption, Socio Cultural/ Environmental Responsible/Resilient Economy Sustainability

### ९.१० प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन

### ९.११ पर्यटन नीति निर्माण तथा संसोधन (Formulation and Updated Tourism Policy)

संघीय पर्यटन ऐन निर्माणपछि प्रदेशले सो अनुरूप प्रदेश पर्यटन ऐनमा संशोधन गर्ने, गण्डकी प्रदेशले पर्यटन नीति निर्माण गर्ने, पर्यटन गुरुयोजना निर्माण गरी सोही अनुरुप कार्यक्रम, आयोजना सञ्चालन तथा निर्माण गर्ने

## १०. पर्यटकीय राजधानी घोषणाको प्रक्रिया

पर्यटकीय राजधानी घोषणाका लागि स्थानीय तह र प्रदेश सरकारले स्थापना कालदेखि प्रयास गरेका छन्। यस कार्यलाई मुर्तरुप दिनका लागि आगमी दिनमा तपसिल बमोजिमका कार्यहरू गरि घोषणा प्रक्रियालाई अगाडि बढाउने ।

क) पर्यटन क्षेत्रमा काम गर्ने संघ सस्थाहरूले पर्यटकीय राजधानी घोषणा गर्ने निर्णय सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशमा पेश गर्ने,

ख) पोखरा महानगरपालिका र पोखरा आसपासका स्थानीय तहहरूले पर्यटकीय राजधानी घोषणा गर्ने निर्णय सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशमा पेश गर्ने,

ग) सम्पूर्ण निर्णयहरूलाई एकिकृत गरी गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय पर्यटकीय राजधानी घोषणा गर्ने,

घ) गण्डकी प्रदेशका सबै स्थानीय तह, निजि संघ संस्था, नागरिक समाज सम्पूर्णले प्रदेश सरकारले गरेको घोषणालाई स्वागत र कार्यन्वयन गर्ने प्रतिवद्दता सहितको बक्तव्य जारि गर्ने,

**१०.१: पर्यटकीय राजधानी घोषणाको तालिका**

| क.सं. | क्रियाकलाप | समयसीमा | कैफियत |
|---|---|---|---|
| १. | पर्यटन क्षेत्रमा काम गर्ने संघ सस्थाहरूले पर्यटकीय राजधानी घोषणा गर्ने निर्णय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्ने | फाल्गुण पहिलो हप्तासम्म | पोखरा पर्यटन परिषद्, पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ, गण्डकी प्रदेश |
| २. | पोखरा महानगरपालिका र पोखरा आसपासका स्थानीय तहहरूले पर्यटकीय राजधानी घोषणा गर्ने निर्णय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने | फाल्गुण पहिलो हप्तासम्म | पोखरा महानगरपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रे गाउँपालिका |
| ३. | सम्पूर्ण निर्णयहरूलाई एकीकृत गरी गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्ले पोखरालाई पर्यटकीय राजधानी बनाउने निर्णय गर्ने | फाल्गुण दोश्रो हप्तासम्म | मन्त्रिपरिषद्को नियमित बैठकको निर्णय |
| ४. | सरोकारवालाका बीच औपचारीक कार्यक्रम गरी पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने | चैत्र पहिलो हप्तासम्म | माननीय मुख्यमन्त्री |

## ११. पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेपछि देखिने अपेक्षित प्रभाव

- गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाको नीति, योजना र कार्यक्रममा पर्यटन क्षेत्रले प्राथमिकता प्राप्त गर्नेछ।
- पोखराको पर्यटकीय ब्राण्डिङ गर्ने अभियानमा थप योगदान पुग्नेछ।
- पोखराको पर्यटकीय बजारीकरण तथा प्रर्वद्धनमा बल पुग्नेछ।
- गण्डकी प्रदेशका पोखरा लगायत अन्य स्थानीय तह बीच पर्यटन विकास योजना र सेवाप्रवाहमा आपसी समन्वय र सहकार्य अभिवृद्धि हुनेछ।
- पर्यटनक्षेत्रमा क्रियाशिल पर्यटन व्यवसायी र अन्य सरोकारवालाहरू बीचमा थप उत्साह तथा उर्जा थपिनेछ।
- पोखरामा बाह्य तथा आन्तरिक लगानीमैत्री वातावरणको सृजना हुनेछ।
- गण्डकी प्रदेश सरकार र स्थानीय तहहरूवीच समन्वय र सहकार्य थप मजबुत हुनेछ।
- पोखराको समुन्नतिको लागि नेपाल सरकार, निजी क्षेत्र र अन्य विकास साझेदारहरूसंग सहकार्य गर्ने अनुकुल वातावरण बन्नेछ।
- गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको समग्र विकासको लागि प्राथमिकता दिन सरोकारवालालाई प्रोत्साहन मिल्नेछ।
- पर्यटनमैत्री पूर्वाधार निर्माणमा बल पुग्नेछ।
- निजीक्षेत्रको जवाफदेहिता तथा व्यवसायिक क्षमता अभिवृद्धि हुनेछ ।

## १२. सुझाव तथा सिफारिस

उपरोक्त तथ्यगत तथा बस्तुनिष्ठ विश्लेषण तथा मुल्याङ्कनका आधारमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न र सो पश्चात् देहायका विषयहरूमा योजनाबद्ध रुपमा कार्यान्वयन गर्दै जान सुझाव तथा सिफारिस प्रस्तुत गरिएको छ ।

१. नीतिगत तथा कानूनी क्षेत्र

क. गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको एकिकृत पर्यटन गुरूयोजना तर्जुमा गर्ने

ख. पोखराको शहरी विकास नीति तर्जुमा गर्ने

ग. पोखराको शहरी योजना तर्जुमा गर्ने

घ. प्रादेशिक तथा महानगरीय आवधिक योजनामा पर्यटकीय राजधानी पोखरालाई प्राथमिकता दिने गरी योजना तर्जुमा

ङ. आगामी आर्थिक वर्षको गण्डकी प्रदेश तथा पोखरा महानगरपालिका लगायतका स्थानीय तहको नीति तथा कार्यक्रममा पर्यटकीय राजधानी पोखराको समुन्नतिमा योगदान पुग्ने गरी प्राथमिकिकरण गर्ने

च. ट्राफिक तथा यातायात व्यबस्थापन सुधार योजना तर्जुमा गरी कार्यान्वयन गर्ने

छ. ग्रेटर पोखरा सम्बन्धी अवधारणा तर्जुमा गर्ने

ज. नेपालको भिषा प्राप्त गरी नेपाल आउने विदेशी पर्यटकहरूलाई निषेधितक्षेत्र बाहेक निर्वाधरुपमा हिडडुल गर्दा दोहोरो प्रवेश शुल्क नलिने व्यवस्था गर्ने

झ. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) को प्रवेश अनुमतिलाई बढीमा १ (एक) महिनासम्मको लागि बहु प्रवेशी (Multiple Entry) बनाउने

ञ. पोखरा सबै मौसमका लागि (Pokhara for All Seasons) भन्ने अभियान कार्यान्वयन गर्न Monsoon Tourism लाई प्रवर्द्धन गर्न आवश्यक योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्ने

ट. पर्यटन सम्बन्धी विद्यमान प्रादेशिक तथा स्थानीय तहका नीति, योजना तथा कानूनलाई पर्यटनमैत्री हुनेगरि संसोधन

ठ. पोखराको पर्यटकीय उपजको पाश्वचित्र (Tourism Product Profile) निर्माण गर्ने

ड. गण्डकी प्रदेश तथा पोखरा महानगरपालिका लगायत अन्य स्थानीय तहको आगामी आवधिक योजनालाई पर्यटकीय राजधानी पोखराको विकासमा योगदान पुग्ने गरी योजना तर्जुमा गर्ने

ढ. पोखराको मौलिक पहिचान दिने भवन निर्माण मापदण्ड निर्माण

ण. रोजगारी र पर्यटकको सेवासंख्याको आधारमा छुट सहुलियत

त. अन्तरप्रदेश तथा अन्तर स्थानीय तह सञ्जालीकरण प्रणाली विकास तथा कार्यान्वयन

२. पूर्वाधार

क. फिर्केखोला करिडोर निर्माण

ख. सेतिनदी करिडोर निर्माण

ग. वेगनास-फेवाताल साइकल पथ निर्माण

घ. आरोग्यधाम निर्माण

ङ. पञ्चांसे जैविक विविधता संरक्षण तथा प्रवर्द्धन

च. बोटानीकल गार्डेन

छ. पार्क निर्माण तथा खुल्लाक्षेत्र संरक्षण तथा प्रवर्द्धन

ज. रत्नमन्दिर बगैचा निर्माण तथा Palace Museum निर्माण

झ. पोखरी तथा चौतारी निर्माण तथा संरक्षण

ञ. कोरोला-पोखरा-नवलपुर द्रुतमार्ग निर्माण

ट. आधुनिक टर्मिनल सहितको बसपार्क निर्माण

ठ. हिमाली, उच्चपहाडी तथा पहाडी क्षेत्रहरूमा नयाँ पदमार्गहरूको पहिचान, संरक्षण तथा प्रवर्द्धन

ड. गुणस्तरीय सडक निर्माण, स्तरोन्नति तथा सडक सञ्जाल विस्तार

ढ. Green Pokhara Clean Pokhara अभियान सञ्चालन

ण. दिगो फोहोर मैला व्यवस्थापनका लागि फोहोर मैला प्रशोधन केन्द्र स्थापना

त. सहरको मुख्य मुख्य चोकहरूमा आवश्यकता अनुसार अण्डरपास ओभरपास निर्माण

थ. अन्तराष्ट्रिय सभासम्मेलन केन्द्र निर्माण

द. पैदलीकरणको विकास तथा विस्तार

ध. विपद् जोखिम व्यवस्थापनको मुलप्रवाहिकरण

न. अर्वान भिलेज (Urban Village) को निर्माण, विकास तथा विस्तार

ऩ. वाटर स्पोर्टस् (Water Sports) को विकास तथा प्रवर्द्धन

प. प्रमुख पर्यटकीय गन्तव्यहरूमा छनौट, विकास तथा प्रवर्द्धन

फ. आइकोनिक मार्कर (Iconic Marker) को पहिचान तथा निर्माण

ब. पोखरामा मुक्तिक्षेत्र प्रवेशद्वार निर्माण तथा प्रवर्द्धन

भ. देवघाट-विन्धवासिनी-मुक्तिनाथ धार्मिक सर्किट निर्माण तथा प्रवर्द्धन

म. अन्तरप्रदेश समन्वयमा रामायण सर्किट तथा बुद्ध सर्किटको विकास तथा प्रवर्द्धन

य. पुरानो पोखरालाई सम्पदा क्षेत्र (Heritage Site) को रुपमा विकास तथा प्रवर्द्धन

र. ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन

ल. फेवा, वेगनास, रुपा लगायतका ताल वरिपरी पैदलमार्ग निर्माण तथा स्तोरन्नती

व. फेवातालको माथिल्लो खण्डमा ड्याम निर्माण तथा प्रवर्द्धन, फेवावीच (Phewa Beach) निर्माण तथा प्रवर्द्धन, पोखरा स्थित तालहरूको मध्यवर्तीक्षेत्र (Buffer Zone) मा हरियाली प्रवर्द्धन

श. गल्फकोर्षहरूको विकास तथा प्रवर्द्धन

ष. अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा वालवालिका मैत्री भौतिक संरचना निर्माण

स. ताल, तलैया, पोखरी, खोलानाला, झरनाहरूको स्वच्छता तथा सौन्दर्यिकरण

३. सेवाको गुणस्तर अभिवृद्धि

क. पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलमा नियमित अन्तर्राष्ट्रिय व्यवसायिक उडान संचालन तथा विस्तार

ख. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सार्वजनिक शटल वस सेवा सञ्चालन

ग. प्रदुषित सवारीसाधन निषेध तथा बिद्युतिय सवारी साधन (EV) लाई प्रोत्साहन

घ. सडक-मानव रहित पोखरा निर्माण

ङ. पोखराका पर्यटकीय गन्तव्यहरूको नेपाली, अंग्रेजी लगायतका भाषामा डकुमेन्ट्री निर्माण तथा प्रचार प्रसार

च. छाडा पशु चौपाया तथा सामुदायिक कुकुर नियन्त्रण तथा व्यवस्थापन

छ. पर्यटन व्यवसायी (होटेल, लज, रिसोर्ट, होमस्टे, टुरगाइड, ट्राभल, ट्रेकिङ् एजेन्सी सवारी चालक) आदिको क्षमता अभिवृद्धि

ज. स्थानीय तथा रैथाने कृषि उपज तथा परिकारको संरक्षण तथा प्रवर्धन

झ. नियमन, अनुगमन तथा सुपरिवेक्षण प्रणाली विकास तथा कार्यान्वयन

ञ. टुर तथा ट्रेकिङ्ग प्याकेज निर्धारण तथा बजारिकरण

ट. सेवाको गुणस्तर तथा मूल्य सम्बन्धी मापदण्ड निर्धारण

ठ. सेवाको पृष्ठपोषण (Feedback) तथा गुनासो (Grievance) सुनुवाई प्रणालीको विकास तथा कार्यान्वयन

ड. नियमित पर्यटक सन्तुष्टि सर्वेक्षण (Tourist Satisfaction Survey) को सुझाव कार्यान्वयन

ढ. पर्यटकले तिर्ने शुल्क तथा दस्तुर भुक्तानीको एकद्वार प्रणाली अवलम्बन

ण. फेवा वेगनास लगायतका तालहरूमा हुने बोटिङ्ग सेवालाई पर्यामैत्री, गुणस्तरिय तथा पारदर्शि बनाउने

त. खर्च क्षमता (Affordability) अनुसार आवास तथा पर्यटकीय सेवा उपलव्धता

थ. अनलाईन, डिजिटल सेवा तथा QR Code मार्फत सूचना प्रवाह

द. परम्परागत लोककला तथा सांस्कृतिक केन्द्रहरूको स्थापना तथा प्रवर्द्धन

ध. स्थानीय उत्पादन तथा सेवालाई पर्यटन क्षेत्रसंग जोडी संरक्षण तथा प्रवर्द्धन

न. खेल पर्यटनको विकास तथा प्रवर्द्धन

ऩ. Digital Governance विकास तथा प्रवर्द्धन

प. ICT तथा AI को विकास तथा प्रवर्द्धन

फ. पर्यटन सेवाको पूर्व सूचना प्रणाली (EWS) को विकास

ब. कार्वन तटस्थ सहरीकरण विकास

भ. अन्तराष्ट्रिय तथा क्षेत्रीय पर्यटन मेला महोत्सवमा सहभागीता तथा बजारीकरण

## १३. रणनीतिक सुझावहरुः

गण्डकी प्रदेश सरकार र पोखरामहानगरपालिकाले अवलम्वन गर्नुपर्ने रणनीतिक सुझावहरुः

### १) अल्पकालीन रणनीति

क) पूर्वाधार विकास तथा विस्तार

- पर्यावरण मैत्री विकल्पसहित फेवा लेकमा हुने Boating को सेवा सुविधा बढाउने तथा अभिवृद्धि गर्ने।
- सडक, सार्वजनिक यातायात तथा साइनेजको अवस्था सुधार गर्ने तथा फेवा मार्ग वरिपरि हुने पैदलमार्गलाई पूर्णता दिने। बेगनास तथा रुपातालको क्षेत्रमा पनि पैदल मार्गको विकास गर्ने।

- सर्वसाधारण तथा बालबालिकाको लागि सहरक्षेत्र भित्र खुला हरित क्षेत्र तथा पार्कको व्यवस्था गर्ने।
- पर्यटकको लागि सहज पहुँचको सुनिश्चितता गर्न सडक तथा पैदल मार्गको वर्तमान अवस्थामा सुधार गर्ने।
- विलासयुक्त तथा मितव्ययी पर्यटकहरू दुवैका लागि हुने बसोबासका सुविधाहरूको प्रवर्द्धन गर्दै बसोवासका विकल्पहरू तयार गर्ने तथा यस्ता सुविधाहरूको स्तरवृद्धि गर्ने।
- सफा तथा अझ आकर्षक वातावरण सृजना गर्न सरसफाइ तथा फोहोरको व्यवस्थापनमा अभिवृद्धि गर्ने ।

ख) संस्कृति तथा सम्पदाको प्रवर्द्धन

- QR code scanning गर्ने तथा इन्टरनेटको माध्यमबाट बुकिङ्ग गर्ने सुविधाहरू समेत उपलब्ध गराउँदै विद्युतीय यात्रा (virtual tours) तथा विद्युतीय सूचना उपलब्ध हुने व्यवस्था गर्ने।
- पोखराको विविधता प्रस्तुत गर्न नेवार, मगर, गुरुङ्ग, थकाली, गन्धर्वलगायत विभिन्न जातजातिहरू सम्बन्धित सांस्कृतिक उत्सवहरू संचालन गर्ने ।
- स्थानीय तथा प्रदेश सरकारसँग समन्वयमा स्थानीय समुदायलाई सहभागि गराउँदै जिम्मेवारपूर्ण पर्यटनका अभ्यास (Responsible Tourism Practices) हरूको प्रवर्द्धन गर्ने।
- ऐतिहासिक तथा आध्यात्मिक महत्व तथा वास्तुकलाको महत्त्वलाई जोड दिँदै ऐतिहासिक क्षेत्र तथा विभिन्न मन्दिर तथा धार्मिक स्थानहरूमा पथप्रदर्शकसहितको अवलोकन गर्ने व्यवस्था मिलाउने।
- पर्यटकलाई मौलिक अनुभव (Authentic Experience) उपलब्ध गराउन तथा पराम्परागत कला, शिल्प, खाना तथा स्वादलाई प्रवर्द्धन गर्न स्थानीय समुदायसँग सहकार्य गर्ने ।

ग) ब्राण्डिङ तथा बजारीकरण

- पोखराको अद्वितिय आकर्षणलाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गर्न वृहतरुपमा विद्युतीय प्रचार प्रसार तथा बजारीकरण अभियान संचालन गर्ने।
- सबै प्रकारका संभाव्य पर्यटकसम्म पुग्न सामाजिक संजाल, लब्ध प्रतिष्ठित व्यक्तित्वहरू तथा इन्टरनेटको विभिन्न माध्यमहरूको उपयोग गर्ने।
- पोखरालाई प्रमुख गन्तव्यस्थलको रुपमा समावेश गर्न ट्राभल एजेन्सी, स्थानीय उद्योग वाणिज्य संघ, पर्यटन सम्बद्ध संघ संस्था, होटल संघ जस्ता संस्थाहरू सँग सहकार्य गर्ने।

## २) मध्यकालीन रणनीति

क) विशिष्टीकृत पर्यटनको विकास

- साहसिक पर्यटनको लागि विशेष क्षेत्रको सृजना गर्ने। घरवास जस्ता पर्यापर्यटन, योग तथा ध्यानजस्ता आरोग्य पर्यटनलाई जोड दिने।
- पोखरालाई मुक्तिनाथ र लुम्बिनीसँग जोड्दै आध्यात्मिक पर्यटनको प्रबर्द्धन गर्ने।
- पोखरा नजिक रहेका मर्दी हिमाल, अन्नपूर्ण बेस क्याम्प, घोरेपानी पुनहिल, धम्पुस, रोयल ट्रेक तथा सराङकोट क्षेत्रमा पोखरालाई आधारक्षेत्रको रुपमा विकास गर्दै पदयात्रा संचालन गर्ने।

ख) बसोवासका विकल्पहरूको विविधीकरण

- विभिन्न चाहना तथा फरक आय भएका पर्यटकहरूलाई उपयुक्त हुने गरी पर्यावरण मैत्री आवासको व्यस्थालाई जोड दिने।
- साहसिक पर्यटकका लागि आवश्यक क्याम्पिङ्ग स्थानको व्यवस्था गर्ने ।
- स्थानीय उद्यमीहरूलाई पर्यटनसम्बन्धी व्यवसाय स्थापना गर्न प्रोत्साहन गर्ने।
- गल्फ खेलको प्रबर्द्धन गर्ने ।

ग) व्यवसायिक जनशक्ति

- होटल व्यवस्थापन, टुर गाइड तथा स्थानीय कालीगढका लागि आवश्यक तालिमको व्यवस्था गर्ने।
- पर्यटन सम्बद्ध सरोकारवालाहरूको अंग्रेजी भाषाको क्षमता अभिवृद्धि गर्ने ।
- पर्यटन क्षेत्रमा उद्यमशीलता तथा नवप्रवर्तनको प्रोत्साहन गर्ने ।

## ३) दीर्घकालीन रणनीति

क) दिगोपन तथा समावेशिता

- वातावरणीय नियमन तथा फोहोर व्यवस्थापनलाई कडाइका साथ लागू गर्ने
- स्थानीयलाई समतामूलक रुपमा पर्यटनको लाभ उपलब्ध हुने सुनिश्चित हुने गरी समुदायमा आधारित पर्यटनका गतिविधिहरू संचालन गर्ने।
- अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहजरुपमा पहुँच हुन सक्ने पर्यटनका पूर्वाधार तथा सेवाको प्रवर्द्धन गर्ने।
- पोखराको प्राकृतिक सौन्दर्यको सम्बर्द्धन गर्न वातावरण मैत्री अभ्यास तथा कृयाकलापको कार्यान्वयन गर्ने

- फोहोर उत्पादनको न्यूनीकरण तथा आरक्षणका प्रयासलाई जोड दिँदै पर्यटक तथा स्थानीयहरूलाई जिम्मेवारपूर्ण पर्यटनको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने
- दिगो विकासमा सघाउ पुऱ्याउने कृयाकलापहरूको निरन्तरताको लागि पर्यावरणसम्बद्ध संस्थाहरूसँग सहकार्य गर्ने।

ख) विद्युतीय पर्यटन

- पर्यटकको आवागमनको व्यवस्थापन गर्न तथा स्रोत साधनको उच्चतम उपयोग गर्न हरसमय/तत्कालको तथ्याङ्क प्राप्त गरी विश्लेषण गर्न सकिने अवस्थाको सृजना गर्न आवश्यक प्रविधिको उपयोग गर्ने ।
- पर्यटन व्यवसायलाई विद्युतीय व्यवस्थापन प्रणालीमा आबद्ध गर्ने।
- Smart Ticketing र विद्युतीय पर्यटक व्यवस्थापन प्रणाली लागू गर्ने
- Artificial Intelligence उपयोग गरी पर्यटकीय सूचना उपलब्ध हुने व्यवस्था गर्ने।

ग) क्षेत्रीय सहयोग

- अन्तर क्षेत्रीय पर्यटकीय उपजहरूको विकासका लागि विशेषगरी भारत तथा चीनलगायतका छिमेकी राष्ट्रहरूसँग आवश्यक सहकार्य गर्ने।
- वाग्मति र लुम्बिनीलगायतका छिमेकी प्रदेशहरूसँग पर्यटन प्रवर्द्धनका लागि सहकार्य गर्ने।
- हिमाल तथा हिमालपारिका क्षेत्रहरूको खोजका लागि प्रवेशद्वारको रुपमा पोखराको प्रवर्द्धन गर्ने।
- दिगो पर्यटन विकासका लागि अन्तर्राष्ट्रिय गतिविधिहरूमा सहभागिता जनाउने।
- पर्यटनका संयुक्त प्याकेजहरूको सृजना गर्न छिमेकीहरू सँगको सहकार्यलाई सुदृढीकरण गर्ने।
- प्रदेशभित्र रहेका विभिन्न गन्तव्यहरूको खोज गर्न तथा अन्तर्राष्ट्रिय पर्यटकहरूलाई आकर्षित गर्न अन्तर देशीय कृयाकलापहरूको विकास गर्ने।

## १४. निष्कर्षः

गण्डकी प्रदेशलाई मुलुककै पर्यटकीय केन्द्र मानी गण्डकी प्रदेशको राजधानी पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने सम्बन्धमा अन्तराष्ट्रिय अभ्यास तथा प्रयोग, सो सम्बन्धी सिद्धान्त तथा स्थापित मान्यताहरूको सूक्ष्म विश्लेषण तथा मल्याङ्कन गर्दा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरी विकास गर्न यथेष्ठ आधार देखिएको छ। पर्यटकीय राजधानीको लागि आवश्यक पर्ने प्राकृतिक आकर्षण, पर्यटकीय आवास, पर्यटकीय सुविधा तथा पर्यटकीय गतिविधिहरूको अवस्था तुलनात्मकरूपमा राम्रो देखिएको छ। यातायातको पहुँच तथा सञ्जाल, सेवा प्रदायकहरूको विविधता तथा परिमाण, कानूनी तथा नीतिगत व्यवस्था, शान्ति सुरक्षा, पर्यटनबाट अर्थतन्त्रमा परेको प्रभाव, पर्यटकहरूको अनुभव र अनुभूति, रैथाने परिकारको अवस्था र मेला तथा महोत्सव जस्ता क्षेत्रहरूको अवस्था उत्साहजनक देखिए पनि यी क्षेत्रहरूमा क्रमशअध्ययनबाट देखिएको सुधार गर्दै जानु पर्ने : छ। माइस पर्यटन (MICE Tourism) को विद्यमान अवस्था, स्याटलाईट गन्तव्य, पर्यटन क्षेत्रमा नवीनतम अवधारणाको प्रयोग, पर्यटनको दिगो व्यवस्थापन, पर्यटनको प्रभाव र मुल्याङ्कन, पर्यटन तथा पर्यटकीय उपजको बजारिकरण तथा प्रवर्द्धन, आतिथ्यता र सेवाको गुणस्तरको अवस्था सुधार गर्नुपर्ने देखिएकोले पर्यटकीय राजधानीको विकासको लागि प्रष्ट दृष्टिकोण, तदनुरूप नीति, योजना र कार्यक्रम सहित एकीकृत र समन्वयात्मक प्रयासको अपेक्षा गरिएको छ।

माथि उल्लिखित वस्तुनिष्ठ विश्लेषणको आधारमा पोखरालाई पर्यटकीय राजधानीको घोषणा तथा विकासको लागि उपलब्ध सबल पक्षलाई सुदृढीकरण गर्दै जाने, सुधार गर्नुपर्ने विषयहरूलाई योजनावद्ध कार्ययोजना बनाई नेपाल सरकार, गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका तथा गण्डकी प्रदेशभित्रका जिल्लाहरू, स्थानीय तहहरू, विकास साझेदारहरू, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरूको समन्वयात्मक एवं प्रभावकारीरूपमा कार्यान्वयन गर्ने सुनिश्चितता हुन सकेमा पोखरालाई मुलुकको मात्र नभई विश्वकै अनुकरणीय पर्यटकीय गन्तव्यको रुपमा स्थापित र विकसित गर्न सकिने देखिएको छ। पोखरालाई पर्यटकीय राजधानी घोषणाबाट गण्डकी प्रदेश मात्र नभएर मुलुककै समुन्नतमा योगदान पुग्ने विश्वास लिइएको छ।

**सन्दर्भ सामाग्रीहरूः-**

१. नेपालको संविधान

२. पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग

३. गण्डकी प्रदेशको पहिलो पञ्चवर्षिय योजना, आ.व. २०७६/०७७ — २०८०/०८१

४. पोखरा महानगरपालिकाको प्रथम त्रिवर्षिय योजना आ.ब. २०७८/७९ —२०८०/८१

५. आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम, गण्डकी प्रदेश

६. गण्डकी प्रदेश सरकारको आ.ब. २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम

७. पोखरा महानगरपालिकाको आ.ब. २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम

८. गण्डकी प्रदेश सरकार तथा पोखरा महानगरपालिकाका निर्णयहरु

९. पर्यटन ऐन, २०७७, पोखरा महानगरपालिका

१०. गण्डकी प्रदेशको पर्यटन ऐन, २०७९ र नियमावली २०७९

११. UNWTO Report, 2022

१२. गण्डकी प्रदेशको पर्यटन गुरुयोजना

१३. विभिन्न सरकारी निकायका वेभसाइट तथा प्रकाशनहरू

अध्ययन समितिका सदस्यहरुः

| | | | |
|---|---|---|---|
| क) | उपाध्यक्ष | नीति तथा योजना आयोग, गण्डकी प्रदेश, | संयोजक |
| ख) | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश (उद्योग तथा पर्यटन), | सदस्य |
| ग) | उपाध्यक्ष | शहरी योजना आयोग, पोखरा महानगरपालिका कास्की | सदस्य |
| घ) | प्रमुख | नेपाल पर्यटन बोर्ड, पोखरा कार्यालय | सदस्य |
| ङ) | अध्यक्ष | पोखरा पर्यटन परिषद, कास्की | सदस्य |
| च) | उपाध्यक्ष | पोखरा महानगर पर्यटन विकास समिति | सदस्य |
| छ) | पर्यटन विज्ञ | डा. रामजी शर्मा | सदस्य |
| ज) | पर्यटन विज्ञ | श्री वासुदेव त्रिपाठी | सदस्य |
| झ) | प्रतिनिधि | जिल्ला प्रशासन कार्यालय, कास्की | सदस्य |
| ञ) | प्रमुख | पर्यटक प्रहरी, कास्की | सदस्य |
| ट) | अध्यक्ष | नेपाल पत्रकार महासंघ, कास्की | सदस्य |
| ठ) | महाशाखा प्रमुख | प्रशासन, योजना तथा पर्यटन महाशाखा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश, पोखरा | सदस्य-सचिव |

<u>सहयोगी व्यक्तिहरुः</u>

१. अञ्चला चौधरी, सदस्यः प्रदेश नीति तथा योजना आयोग
२. सुरेन्द्र बाबु तिवारी, सदस्यः शहरी योजना आयोग, पोखरा महानगरपालिका
३. राम प्रसाद आचार्य, महाशाखा प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
४. बिमल प्रसाद गौतम, अधिकृत आठौं, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
५. सिर्जना सुवेदी, शाखा अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
६. गोविन्द प्रसाद पौडेल, अधिकृत सातौं, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
७. अरुण अधिकारी, कानून अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
८. डम्वर बहादुर जि.सी., अधिकृत सातौं, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
९. जगन्निवास भण्डारी, सहायक पाँचौ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
१०. विष्णु प्रसाद अधिकारी, सहायक पाँचौ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

अनुसूची -१

गण्डकी प्रदेश सरकारको निर्णय

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

०४।२१।२०७५।८।२८

**विषयः पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने सम्वन्धमा**

प्रस्ताव पेश गर्न माननीय विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७५।०८।२८

१. विषयको संक्षिप्त व्यहोराः

प्राकृतिक सौन्दर्य, भौगोलिक, जैविक र साँस्कृतिक सम्पदा तथा विविधताले भरिपूर्ण रहेको गण्डकी प्रदेशको राजधानी पोखरा संघीय नेपालकै प्रमुख पर्यटकीय गन्तव्य हो । उत्तरतर्फ देखिने सेता तथा अरु दिशामा देखिने हरिया पहाडहरुले पोखराको सौन्दर्यतामा थप मलजल पुऱ्याइरहेका छन् । हिमालहरुका अतिरिक्त पोखरा उपत्यकाका फेवा, बेगनास लगायतका मनोरम तालहरु, झरनाहरु, काली र सेतीगण्डकी, मर्स्याङदी, मादी त्रिशुली जस्ता नदी र तिनका मनमोहक जलाधार क्षेत्रहरु तथा विविध संस्कृति र पर्यटकहरुलाई प्रदान गरिने स्वागत, सत्कार एवं न्यानो आतिथ्यता पनि पोखरा र समग्र गण्डकी प्रदेशको पर्यटन मुलुककै अग्रणी स्थानमा रहेको मुक्तिनाथ, दामोदरकुण्ड, गोरखनाथ, गलेश्वर, पंचकोट, बागलुङ कालिका मन्दिर, विन्धवासिनी,देवघाट मनकामना, गजेन्द्रमोक्षधाम, बाल्मिकी आश्रम आदि प्रसिद्ध धार्मिक धरोहरहरु तथा अन्नपूर्ण पदमार्ग, मर्दी हिमाल पंदयात्रामार्ग मनास्लु पदयात्रा मार्ग, धवलागिरि परिपथ, विश्वकै उत्कृष्ट पदयात्रामार्गहरु र घोरेपानी, घान्द्रुङ, लान्द्रुङ, पञ्चासे, माथिल्लो मनाङ, चुमनुब्री उपत्यका, ढोरपाटन आदि प्रख्यात पर्यटकीय गन्तव्यहरुको केन्द्रभागमा अवस्थित मुलुककै पर्यटनको केन्द्रविन्दु गण्डकी प्रदेशको राजधानी समेत रहेको सुन्दर नगरी पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेमा देश तथा विदेशमा सकारात्मक प्रचार हुन गई पर्यटन प्रबद्र्धन हुने देखिन्छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः

गण्डकी प्रदेशको नीति तथा कार्यक्रममा सन् २०१९ लाई आन्तरिक पर्यटन बर्ष, सन् २०२० लाई छिमेकी देशका पर्यटक आकर्षण बर्ष र सन् २०२२ लाइ अन्तराष्ट्रिय स्तरको प्रदेश पर्यटन बर्ष अभियान सञ्चालन गरीने छ भनि उल्लेख छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र मन्त्रालयको सिफारिसः

पोखरा जस्ता गन्तव्य स्थलहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरुको निकै चहलपहल छ भने अन्य पर्यटकिय स्थलहरुमा पनि आन्तरिक तथा अन्तराष्ट्रिय पर्यटकहरुको आवागमन बढेको छ । यस्तो सकारात्मक वातावरणलाई अझ सुदृढ बनाएर सन् २०२० सम्म नेपाल आउने पर्यटकको संख्या वार्षिक २० लाख पुऱ्याउने लक्ष्यका साथ नेपाल सरकारले तयारी गरिरहेको छ । यस सन्दर्भमा थुप्रै पर्यटकिय गन्तव्यको धनी गण्डकी प्रदेशको राजधानी समेत रहेको पोखरालाई पर्यटकिय राजधानी घोषणा गरेमा देश तथा विदेशमा सकरात्मक प्रचार हुन गई पर्यटन प्रबद्र्धन हुने भएकाले पोखरालाई पर्यटकिय राजधानी घोषणा गर्न मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न मिति २०७५/०८/२८ गते विभागीय मन्त्रीबाट निर्णय भएकोले प्रदेश सरकार (कार्यसम्पादन) नियमावली २०७४ को अनुसूची -१ बिषयसंख्या १८ बमोजिम प्रस्तुत प्रस्ताब पेश गरिएको छ । ।

४. निर्णय हुनुपर्ने व्यहोराः

गण्डकी प्रदेशको राजधानी समेत रहेको पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने प्रस्ताव स्वीकृत गर्ने
मिति २०७५।०८।२८

दिवाकर पौडेल
नि. सचिव

अनुसूची -२

पोखरा महानगरपालिकाको निर्णय

पोखरा महानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८।०२।१६ गते बसेको बैठकको निर्णय ।

**निर्णय नं. १२**

सुन्दर नगरी पोखरा प्रकृति, तालतलैया, हिमश्रृंखलाको दृश्यावली, जैविक विविधता, धार्मिक-ऐतिहासिक-पुरातात्विक सम्पदा, पर्यावरण र खोंच गुफा लगायतका भू-बनावटका कारण विश्वकै आकर्षक पर्यटकीय गन्तव्यका रुपमा रहेको छ । यस शहरमा विकास र निर्माण भएका पर्यटन पूर्वाधार, हवाइ तथा स्थलमार्ग एवं गण्डकी प्रदेशको राजधानी, देशको दोस्रो ठूलो शहर र व्यवस्थित शहरका कारण सबै जनजनको अवस्था पोखरा रमेको पाइन्छ । गण्डकी प्रदेश सरकारले समेत पोखरालाई पर्यटकीय राजधानी बनाउने गरी नेपाल सरकारसमक्ष अनुरोध गरिसकेको छ । पोखरा महानगरपालिकाको भिजन-२१०० रणनीतिक डकुमेन्ट एवं त्रिवर्षीय योजनामा समुन्नत पर्यटकीय शहर बनाउने दीर्घकालीन सोच र लक्ष्य राखिएको छ । महानगरका सम्पूर्ण परियोजना र कार्यक्रमहरु यसै दिशामा केन्द्रित रहेका छन् । धवलागिरी, अन्नपूर्ण र मनास्लु हिमश्रृंखलाको काख तथा फेवा, बेगनास र रुपा सहितका सात ताल सहितको प्रकृति र पर्यावरणले पोखरालाई विश्वमा नै पर्यटकीय केन्द्रको रुपमा पहिचान दिएको छ । त्यसैले नेपाल आउने जनुसुकै संघसंस्थाका प्रतिनिधि वा निजी व्यक्तिहरु समेत पोखरालाई अपरिहार्य भ्रमणको सूचीमा राख्छन् र यहाँको व्यवस्थित विकासप्रति चासो र महत्व दिन्छन् । यसर्थ पोखरा विश्व एवं नेपालको पर्यटनको केन्द्र भएको तथ्य दोहोर्‍याइरहनु पर्दैन । यस वास्तविकतालाई आत्मसात गरी पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्नका लागि नेपाल सरकार मन्त्रिपरिषदसमक्ष प्रस्ताव लैजान संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयमा सिफारिससाथ अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

पोखरा प्रकृति, पर्यावरण, भूसंरचना, तालतलैया, हिमश्रृंखलाको मनोरम दृश्य, धार्मिक, सांस्कृतिक सम्पदा एवं मठमन्दिर, खोंच, गुफा चुचुरा लगायतका यावत क्षेत्रमा अतुलनीय र वैभवशाली छ । यी सबै धरोहरले युक्त हुने गरी र यहाँको मौलिक पहिचान झल्किने वा पर्यटकीय शहर पोखरा भनी चिनाउने गरी चिनो वा स्मारक (Monument) निर्माण गर्नु अत्यन्त जरुरी छ । अमेरिकाको Statue of Liberty, लण्डनको London Bridge, पेरिसको Eiffel Tower, नयाँ दिल्लीको India Gate, काठमाण्डौको धरहरा, हेटौंडाको शहिद स्मारक जस्तै पोखरा स्मारक वा यस्तै कुनै संरचना बनाउन आवश्यकता महसुस भएको छ । पोखराको समृद्धिको सम्भावना रहेको पर्यटन उद्योगलाई प्रवर्द्धन गरी देशको आर्थिक समृद्धि र विकासका लागि योगदान दिन पनि यस्ता धरोहरको महत्वपूर्ण स्थान रहने भएकोले सिर्जनात्मक बिचार वा आइडिया भएका जुनसुकै नेपाली नागरिकले महानगरपालिका कार्यालयमा पेश गर्न दुई महिनाको समय दिई सार्वजनिक सूचना आव्हान वा प्रकाशन गर्ने । यसरी सूचनामा पोखरा हो भनेर चिनिने पोखरा स्मारक निर्माणार्थ थ्री डी सहितको उत्कृष्ट डिजाइन तयार गरी पोखरा महानगरपालिका तोकिएको शर्तका आधारमा पेश हुन आएका डिजाइनको प्रस्ताव मध्ये प्रथम हुने

अनुसूची -३
समितिको बैठकका निर्णयकपिहरु

PAGE NO.......

DATE / /

आज मिति २०८०।०८।२६ गते दिनको २:०० बजे पर्यटकीय सम्बन्धी योजना अध्ययन समितिका संयोजक एवं प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाको अध्यक्षतामा पहिलो बैठक तपसिल बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा बसि आवश्यक छलफल तथा देहायअनुसार निर्णय गरियो।

अपस्थितिहरू:

१. माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश — संयोजक

२. श्रीमान् सचिव कुमार सिंह गुरुङ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश — सदस्य

३. श्री उपाध्यक्ष प्रेमलाल लामिछाने शहरी योजना आयोग, पोखरा महानगरपालिका, कास्की — सदस्य

४. श्री नविन पोखरेल प्रमुख, नेपाल पर्यटन बोर्ड पोखरा — सदस्य

५. श्री पोम नारायण श्रेष्ठ, पोखरा पर्यटन परिषद्, पोखरा — सदस्य

६. श्री रविन्द्रराज पौडेल, पोखरा महानगर पर्यटन विकास समिति — सदस्य

७. श्री डा. रामजी शर्मा, पर्यटन विज्ञ — सदस्य

८. श्री डा. वासुदेव त्रिपाठी, पर्यटन विज्ञ — सदस्य

९. श्री गंगा बहादुर क्षेत्री, प्र.प्र.नि.अ. जिल्ला प्रशासन कार्यालय कास्की — सदस्य

१०. श्री जगदिश रेग्मी, पर्यटक प्रहरी प्रमुख, कास्की — सदस्य

११. श्री विमला भण्डारी, नेपाल पत्रकार महासंघ कास्की (अध्यक्ष) — सदस्य

१२. श्री दिनेश प्रकाश आचार्य, (सदस्य सचिव) उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश नेपाल

अन्य उपस्थितिहरू (आमन्त्रित)

१. माननीय सदस्य अचला चौधरी प्रदेश नीति तथा योजना आयोग

(५) २. डम्बर बहादुर खि.सी. शाखा प्रमुख (पर्यटन)
३. गोविन्द प्रसाद पौडेल अधिकृत सातौं उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

निर्णय:

१. प्रस्ताव उपर छलफल गर्दै पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने प्रक्रियालाई समयमै सम्पन्न गर्न विभिन्न सामूहिक प्रतिबद्धता आवश्यक भयो र पर्यटकीय राजधानी घोषणाका लागि पर्यटन क्षेत्रका विभिन्न सरोकारवाला, घोषणा प्रक्रिया, घोषणापछिको दीगोपनाका विषयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको श्रीमान सचिव ज्यूको नेतृत्वमा देहाय बमोजिमको समितिबाट आगामी बैठकको आन्तरिक छलफलका लागि मस्यौदा तयार गर्ने निर्णय गरियो।

देहाय:

१. श्रीमान् सचिव कुमार सिंह गुरुङ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश
२. श्री नवीन पोखरेल NTB, Pokhara
३. श्री प्रेम नारायण श्रेष्ठ PTC Pokhara
४. श्री रविन्द्र राम पौडेल, पोखरा महानगर पर्यटन विकास समिति
५. श्री डा. रामजी शर्मा पर्यटन विज्ञ
६. श्री वासुदेव त्रिपाठी, पर्यटन विज्ञ
७.

२. आगामी बैठक मिति २०८०।०३।०५ गते दिउँसो २:०० बजे बस्ने निर्णय गरियो।

PAGE NO.

DATE / /

आज मिति २०८०।०३।०४ गते दिनको २:०० बजे पर्यटकीय राजधानी घोषणा अध्ययन समितिका संयोजक एवं प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा ज्यूको अध्यक्षतामा बसेको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसील आवश्यक छलफल तथा देहायअनुसार निर्णय गरियो।

उपस्थितिहरु!

१. माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश – संयोजक
२. श्रीमान् सचिव कुमारसिंह गुरुङ, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश – सदस्य
३. श्री प्रेमलाल लामिछाने, उपाध्यक्ष शहरी योजना आयोग, पोखरा महानगरपालिका, कास्की – सदस्य
४. श्री नविन पोखरेल, प्रमुख नेपाल पर्यटन बोर्ड, पोखरा – सदस्य
५. श्री पोम नारायण श्रेष्ठ, अध्यक्ष पोखरा पर्यटन परिषद् – सदस्य
६. श्री रविन्द्रराम पौडेल, पोखरा महानगर पर्यटन विकास समिति – सदस्य
७. श्री डा. रामजी शर्मा, पर्यटन विज्ञ, सदस्य
८. श्री वासुदेव त्रिपाठी, पर्यटन विज्ञ – सदस्य
९. श्री गणेश बहादुर क्षेत्री, प्र. प्र. जि. अ. जिल्ला प्रशासन कार्यालय, कास्की – सदस्य
१०. श्री क्षत्रिय रेग्मी पर्यटक प्रहरी प्रमुख, कास्की – सदस्य
११. श्री बिमला मगर, अध्यक्ष, नेपाल पत्रकार महासंघ, कास्की – सदस्य
१२. श्री दिनेश प्रकाश आचार्य, महाशाखा प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश – सदस्य सचिव

आमन्त्रित!

१. माननीय सदस्य प्रमिला चौधरी, प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश

PAGE NO.........

DATE / /

२. सुरेन्द्र भानु तिवारी — सदस्य, शहरी योजना आयोग प्रो.प्र

~~मन्दिरा पराजुली " " "~~

३. ~~मन्दिरा पराजुली — सदस्य, शहरी योजना आयोग~~

४. नवीन पोखरेल — नि. कार्यक्रम प्रमुख

५. सन्तोष देवकोटा — कम्प्युटर अधिकृत

६. गोविन्द प्रसाद पौडेल — उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

७. ईश्वर बहादुर जि.सी. " "

निर्णयः

१. प्रस्ताव उपर छलफल गर्दा पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने सम्बन्धमा बनेको समितिले पेश प्रतिवेदनको मस्यौदा तयार गर्न बनेको समितिका सदस्यहरु श्रीमान् प्रा. रामजी शर्मा र वासुदेव त्रिपाठीले प्रारम्भिक मस्यौदामा छुटेका । छुट्न नहुने विषयहरुको विवरण पेश । उनीहरुको मस्यौदामा छलफल गर्दै आगामी मिति २०८०/०३/१६ गते बस्ने बैठकमा प्रतिवेदनको ढाँचामा तयार गरी पेश गर्ने निर्णय गरियो ।

आज मिति २०८०।०३।१६ गते दिनको ४:१५ बजे पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको संयोजक एवं प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा ज्यू अध्यक्षतामा तेस्रो बैठक तपसिल बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा बसी आवश्यक छलफल तथा देहायअनुसार निर्णय गरियो।

उपस्थितिहरु :

१. माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश - संयोजक
२. श्रीमान सचिव कुमारसिंह गुरुङ, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश - सदस्य
३. श्री प्रेमलाल लामिछाने, उपाध्यक्ष, शहरी योजना आयोग, पोखरा महानगरपालिका - सदस्य
४. श्री नविन पौडेल, नि. प्रमुख, नेपाल पर्यटन बोर्ड, पोखरा - सदस्य
५. श्री पोम नारायण श्रेष्ठ, अध्यक्ष, पोखरा पर्यटन परिषद् - सदस्य
६. श्री रविप्रकाश पौडेल, पोखरा महानगर पर्यटन विकास समिति - सदस्य
७. श्री डा. रामजी शर्मा पर्यटन विज्ञ - सदस्य
८. श्री वासुदेव घिमिरे, पर्यटन विज्ञ - सदस्य
९. श्री गणेश बहादुर थोगी, स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, कास्की - सदस्य
१०. श्री अरविन्द रेग्मी, प्रमुख, पर्यटक प्रहरी कास्की - सदस्य
११. श्री विमला मल्लाटे, अध्यक्ष, नेपाल पत्रकार महासंघ कास्की - सदस्य
१२. श्री दिनेश प्रकाश आचार्य, महाशाखा प्रमुख, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश - सदस्य सचिव

आमन्त्रित:

१. माननीय सदस्य श्यामला चौधरी, प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश पोखरा
२. श्री सुरेन्द्र बाबु तिवारी सदस्य, शहरी योजना आयोग, पोखरा

३. श्री मनिषा पराजुली – सदस्य डाइरी योजना अध्यक्ष, पोखरा महानगरपालिका

तपसिल:

१. प्रस्ताव उपर छलफल गर्दा पर्यटकीय राजधानी घोषणा गर्न बनेको अध्ययन समितिले पेश गर्ने प्रतिवेदनका लागि सरोकारवाला निकायहरूको प्रतिक्रिया र सुझाव लिनका लागि मिति २०८०।०३।२३ गते प्रदेश नीति तथा योजना आयोगको सभाहलमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने र उक्त कार्यक्रममा कास्की जिल्लाका स्थानीय तहका प्रमुख/अध्यक्षहरू, पोखरा पर्यटन परिषद्‌मा आबद्ध संघ संस्था, उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संघ संस्थाहरूको सहभागिता गराउने निर्णय गरियो।

PAGE NO.
DATE / /

आज मिति २०८०/०५/२२ गते सोमबार दिउँसो १:०० बजे प्रदेशीय राजधानी घोषणा अध्ययन समितिको संयोजक एवं प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा ज्यूको अध्यक्षतामा प्रदेशीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदनको तयारीका लागि सुझाव तथा पृष्ठपोषण लिनका लागि तपसिलबमोजिमको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।

उपस्थितिहरु:

१. माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा प्र. नि तथा यो.आ. - संयोजक
२. श्री सचिव कुमारसिंह गुरुङ, उ.प.व. तथा वा. मन्त्रालय - सदस्य
३. श्री उपाध्यक्ष प्रेमलाल लामिछाने शहरी योजना आयोग पोखरा महानगरपालिका कास्की - सदस्य
४. श्री नविन पोखरेल प्रमुख नेपाल पर्यटन बोर्ड पोखरा - सदस्य
५. श्री पोम नारायण श्रेष्ठ पोखरा पर्यटन परिषद - सदस्य
६. श्री रविन्द्रराज पौडेल, पोखरा महानगर पर्यटन विकास समिति - सदस्य
७. श्री डा. रामजी शर्मा, विज्ञ - सदस्य
८. श्री वासुदेव त्रिपाठी, पर्यटन विज्ञ - सदस्य
९. श्री प्र.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय कास्की
१०. श्री जगदिश रेग्मी पर्यटन प्रहरी प्रमुख कास्की - सदस्य
११. श्री दिपला भट्टराई, नेपाल पत्रकार महासंघ कास्की - अध्यक्ष - सदस्य
१२. श्री दिनेश प्रकाश आचार्य - सदस्य सचिव उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा - सदस्य सचिव

अन्य उपस्थितिहरु

१. माननीय सदस्य कमला चौधरी प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश
२. तारानाथ पहारी — नि. उपाध्यक्ष पोखरा पर्यटन परिषद
हरिराम अधिकारी — अध्यक्ष - ताहा. गण्डकी प्रदेश
धर्मराज पन्थी — अध्यक्ष टान, गण्डकी प्रदेश
मनकान्त घिमिरे — अध्यक्ष पोखरा पर्यटन ... सचिव NMA, Gandaki Province

DATE / /

शोभा सापकोटा अध्यक्ष गाँउ पर्यटन प्रवर्द्धन मञ्च (VITOF)
कृष्ण कोफले का.स.स पोखरा पर्यटन परिषद
गोकर्ण कार्की वरिष्ठ उपाध्यक्ष पोखरा उद्योग वाणिज्य संघ
संजय कान्त तिमिल्सिना महासचिव पोखरा पर्यटन परिषद
विकास राज सापकोटा सदस्य - पोखरा पर्यटन परिषद
मुकुन्द राज पौडेल प्र.अ. जिल्ला प्रशासन कार्यालय
लक्ष्मण सुवेदी अध्यक्ष होटल संघ पोखरा नेपाल
चौ बहादुर गुरुङ कोषाध्यक्ष PTC
तिल बहादुर गुरुङ सदस्य PTC
गणेश बहादुर गुरुङ पूर्व अध्यक्ष PTC पूर्व अ.
आशीष पाण्डे Founder Chairman Pokhara Tourism Council
गोकर्ण लम्साल एजेन्ट उपाध्यक्ष
मोहन रिजाल HOFEN उपाध्यक्ष
अर्जुन पोखरेल अध्यक्ष होटल व्यवसायी महासंघ गण्डकी प्रदेश
हरि पाण्डे उपाध्यक्ष होटल व्यवसायी महासंघ गण्डकी प्रदेश
श्रीकान्त पौडेल पोखरेली इयाम्ली लेखा बा.लि. अध्यक्ष
इन्स्पे. जि.ट. प्रहरी कार्यालय
विष्णु प्रसाद पौडेल
पुरुषोत्तम कार्की
कृष्ण प्रसाद तिमिल्सिना
तारा सुवेदी
अनिता थापा
ममता थापा
लक्ष्मी परियार

निर्णय:
निर्णय: प्रस्ताव उपर छलफल गर्दा पोखरालाई पर्यटकीय गन्तव्य घोषणा गर्नका लागि आवश्यक पूर्वाधार मापदण्डको पहिचान, सेवाको गुणस्तरमा वृद्धि, घोषणाको प्रक्रिया लगायतका विषयमा कास्की जिल्लाका स्थानीय तहका प्रतिनिधिहरु, पर्यटन व्यवसायमा आवद्ध संघ संस्थाका प्रतिनिधिहरुसंग छलफल तथा राय सुझाव संकलन गर्ने कार्य सम्पन्न गरियो।

Bevkolly

PAGE NO............

DATE / /

आज मिति २०८०।०३।२४ गते दिउँसो १.०० बजे पोखरामा पर्यटकीय राजधानी घोषणा अध्ययन समितीका संयोजक श्री प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. कृष्ण-चन्द्र देवकोटाज्यू को अध्यक्षतामा बसेको बैठकको तपशिल बमोजिमका पदाधिकारीहरूको उपस्थितीमा विभिन्न छलफल तथा देहाय बमोजिमका निर्णयहरू गरियो।

उपस्थिती:

माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश - संयोजक

श्रीमान सचिव, कुमार सिंह गुरुङ- उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश - सदस्य

~~श्री प्रमुख प्रशासकीय अधिकृत~~ सदस्य सुरेशनाथ तिवारी शहरी योजना आयोग, पोखरा महानगरपालिका, कास्की - सदस्य

श्री- नविन पौड्याल, प्रमुख नेपाल पर्यटन बोर्ड पोखरा - सदस्य

प्रेमबाबु लामिछाने उपाध्यक्षको सट्टामा पोखरा निम्त्याएको

श्री- योगनारायण श्रेष्ठ, पोखरा पर्यटन परिषद् पोखरा - सदस्य

श्री- रविन्द्रराज पौडेल, पोखरा ~~पर्यटन~~ महासंघ पर्यटन विकास कास्की - सदस्य

श्री- डा. रामजी शर्मा पर्यटन विज्ञ - सदस्य

श्री- वासुदेव त्रिपाठी पर्यटन विज्ञ - सदस्य

श्री- जि. प्र. का. कार्यालय कास्की सदस्य

श्री- जगदिश रेग्मी पर्यटन प्रहरी प्रमुख कास्की - सदस्य

श्री- विमला भण्डारी नेपाल पत्रकार महासंघ कास्की - सदस्य

श्री- किशोर प्रकाश आचार्य उ.प. वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश - सदस्य सचिव

अन्य उपस्थितीहरू-

श्री विर्जना सुवेदी प्रा.अ. उ.प. वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश

श्री- गोविन्द प्रसाद पौडेल अधिकृत सातौं " "

श्री- विजय अधिकारी इन्जिनियर " "

श्री- लक्ष्मी थापा लेखापाल " "

श्री- कमल डडेल अधिकृत छैठौं " "

श्री- भगवती काफ्ले भण्डारी का.पा. " "

श्री- जितेन्द्र प्र. अधिकारी का.पा.

तारा ज्ञवाली डा.व उ.मा.वि./व्यापार व्यवस्थापन विद्यालय

अनीता थापा " " "

लक्ष्मी पाण्डे " " "

मनु थापा " " "

मिलन प्र. पौडेल " " "

पुरुषोत्तम कार्की " " "

देव कु. गुरुङ " " "

तपसिल:

निर्णय: प्रस्ताव उपर छलफल गर्दा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरी गठित अध्ययन समितिले मिति २०८०/०३/२६ मा गरेको छलफल तथा अन्तरक्रियात्मक कार्यक्रमबाट प्राप्त राय सुझावहरू समेत समावेश गरी प्रतिवेदनको प्रारम्भिक मस्यौदा खाका तयार पारियो।

PAGE NO.............

DATE / /

आज मिति २०८०।०६।२५ गते बिहान ८ बजे पर्यटकीय राजधानी घोषणा अध्ययन समितिका संयोजक एवं प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी तयार गरेको मस्यौदा प्रतिवेदन उपर छलफल तथा देहायअनुसारको निर्णय गरियो।

उपस्थिति

१. माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश - संयोजक

२. श्रीमान् सचिव कुमारसिंह गुरुङ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश - सदस्य

३. श्री प्रेमलाल लामिछाने उपाध्यक्ष शहरी योजना आयोग पोखरा महानगरपालिका कास्की - सदस्य

४. श्री नविन पोखरेल कार्यालय प्रमुख नेपाल पर्यटन बोर्डको कार्यालय पोखरा - सदस्य

५. श्री पोष नारायण श्रेष्ठ अध्यक्ष पोखरा पर्यटन परिषद् - सदस्य

६. श्री रविन्द्र राज पौडेल, उपाध्यक्ष पोखरा महानगर पर्यटन विकास समिति - सदस्य

७. श्री डा. रामजी शर्मा पर्यटन विज्ञ - सदस्य

८. श्री वासुदेव त्रिपाठी पर्यटन विज्ञ - सदस्य

९. श्री गंगा बहादुर क्षेत्री सहायक प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय कास्की सदस्य

१०. श्री जगदीश रेग्मी पर्यटक प्रहरी प्रमुख कास्की - सदस्य

११. श्री विमला भण्डारी अध्यक्ष नेपाल पत्रकार महासंघ कास्की - सदस्य

१२. श्री दिनेश प्रकाश आचार्य महाशाखा प्रमुख उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश सदस्य - सचिव

अन्य आमन्त्रीत उपस्थिति

१. श्री सुरेन्द्र बाबु तिवारी सदस्य शहरी योजना आयोग पोखरा महानगरपालिका कास्की

२. श्री अरुण अधिकारी, कानुन अधिकृत, मन्त्रालय

३. श्री राम प्रसाद आचार्य महाशाखा प्रमुख, मन्त्रालय

PAGE NO.
DATE / /

२. श्री सिर्जना चतुर्वेदी शाखा अधिकृत MoTFE गण्डकी पोखरा

(सदस्य) ३. श्री गोविन्द प्रसाद पौडेल अधिकृत सातौं ,, ,,

(सदस्य) ४. श्री विष्णु प्रसाद अधिकारी वरिष्ठ प्रशासन सहायक ,, ,,

उपस्थित:
निर्णय: पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न अध्ययन गठित समितिले मिति २०८०।०८।२४ मा तयार पारिएको प्रारम्भिक मस्यौदाको सम्बन्धमा विस्तृत छलफल गरियो

[signature]

२०८०।३।२६

आज मिति २०८०/३/२६ गते बिहान ८:०० बजे पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको बैठक समितिको संयोजक एवं प्रदेश नीति तथा योजना आयोगको माननीय उपाध्यक्ष डा. कृष्ण चन्द्र देवकोटाको अध्यक्षता संयोजकत्वमा तय भएको बमोजिमको सदस्यहरूको उपस्थितिमा निम्नानुसार भएको प्रतिवेदन उपर विस्तृत छलफल गरी र परिमार्जन गरियो।

उपस्थिति

मा. डा. कृष्ण चन्द्र देवकोटा - संयोजक
(उपाध्यक्ष गण्डकी प्रदेश नीति तथा योजना आयोग)

श्री कुमार सिंह गुरुङ - सदस्य
सचिव उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

श्री प्रेमलाल लामिछाने - सदस्य
उपाध्यक्ष शहरी योजना आयोग पोखरा म.न.पा

श्री नविन पोखरेल - सदस्य
कार्यालय प्रमुख नेपाल पर्यटन बोर्ड, पोखरा

श्री प्रेमनारायण कँडेल - सदस्य
अध्यक्ष पोखरा पर्यटन परिषद

श्री रविन्द्र राज पौडेल - सदस्य
उपाध्यक्ष पोखरा महानगर पर्यटन विकास समिति

श्री डा. रामजी शर्मा - सदस्य
पर्यटन विज्ञ

श्री वासुदेव त्रिपाठी - सदस्य
पर्यटन विज्ञ

श्री गंगा बहादुर क्षेत्री - सदस्य
जिल्ला प्रशासन कार्यालय कास्की

श्री जगदिश रेग्मी - सदस्य
पर्यटक प्रहरी प्रमुख कास्की

श्री विनिता महर्जन - सदस्य
अध्यक्ष नेपाल पत्रकार महासंघ कास्की

PAGE NO.

DATE / /

श्री दिनेश प्रकाश आचार्य - प्रमुख - बोर्डको पर्यटन, प्रशासन तथा योजना महाशाखा प्रमुख

अन्य आमन्त्रित प्रमुख

श्री राम प्रसाद आचार्य - महाशाखा प्रमुख पु.प.व. तथा का.म. अनुगमन

श्री ईश्वर बहादुर कि.सी. सी. प्र. पर्यटन शाखा

श्री विजेता द्विवेदी - शाखा अधिकृत उ.प.व.वा.

श्री गोविन्द प्रसाद पौडेल ,,

श्री अरुण अधिकारी - कानून अधिकृत ,,

श्री विष्णु प्रसाद अधिकारी

तपसिल!

निर्णय: पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न गठित समितिले तयार पारेको अध्ययन प्रतिवेदनको मस्यौदाको व्यापक विस्तृत छलफल गरि मस्यौदालाई अन्तिम रूप दिइयो।

Bhusal (signature)

आज मिति २०८०।०३।२६ गते दिनको १:०० बजे पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको संयोजक एवम् प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा

उपस्थिति:

१. माननीय उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा – संयोजक प्रदेश नीति तथा योजना आयोग
२. श्रीमान सचिव कुमारसिंह गुरुङ – सदस्य उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश
३. श्री प्रेमलाल लामिछाने – सदस्य, उपाध्यक्ष, शहरी योजना आयोग, पोखरा म.न.पा.
४. श्री नविन पोखरेल – सदस्य, नेपाल पर्यटन बोर्ड पोखरा
५. श्री पोम नारायण श्रेष्ठ – सदस्य, पोखरा पर्यटन परिषद्
६. श्री रविन्द्रराज पौडेल – सदस्य, पोखरा महानगर पर्यटन विकास समिति
७. श्री डा. रामजी शर्मा – सदस्य पर्यटन विज्ञ
८. श्री वासुदेव तिवारी – सदस्य पर्यटन विज्ञ
९. श्री गणेश बहादुर क्षेत्री – सदस्य प्र. प्र. जि. अ. जिल्ला प्रशासन कार्यालय कास्की
१०. श्री जगदिश रेग्मी – सदस्य प्रहरी प्रमुख कास्की
११. श्री विमला गराती – सदस्य, अध्यक्ष नेपाल पत्रकार महासंघ कास्की
१२. श्री दिपक प्रकाश आचार्य – सदस्य सचिव पर्यटन, प्रशासन तथा योजना महाशाखा प्रमुख

PAGE NO.............................

DATE / /

अन्य आमन्त्रित

१. श्री रामप्रसाद आचार्य महाशाखा प्रमुख उद्योग, वाणिज्य, आपूर्ति महाशाखा

२. श्री डम्बर बहादुर जि. सी. शा. प्र. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

३. श्री प्रमिला सुवेदी — अ. नि. अ. — ''

४. श्री गोविन्द प्रसाद पौडेल — '' — ''

५. श्री अरुणा अधिकारी — कानून अधिकृत — ''

६. श्री विष्णु प्रसाद अधिकारी — का. सहायक — ''

तपसिल!

निर्णय: पर्यटकीय राजधानी घोषणा अध्ययन समितिले समितिको कार्यक्षेत्र अनुसार तयार पारेको प्रतिवेदन आज मिति २०८० पौष १६ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सुरेन्द्र राज पाण्डेज्यू समक्ष पेश गर्ने निर्णय भयो।

[signature]

अनुसूची-४

पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन तयारीको क्रममा लिइएका तस्विरहरु












पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन तयारीको पहिलो बैठकमा लिइएका तस्विरहरु

पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन मस्यौदा तयारीको बैठकमा लिइएका









पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन मस्यौदा तयारीको बैठकमा लिइएका









पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन मस्यौदा तयारीको क्रममा सरोकारवालाहरु विच भएको छलफलमा लिइएका तस्विरहरु









पर्यटकीय राजधानी घोषणा अध्ययन समितिको प्रतिवेदन मस्यौदा तयारीको क्रममा लिइएका तस्विरहरु










# अनुसूची -५

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराको पत्र

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

पत्र संख्या :- २०८०/८१ | पोखरा,
चलानी नं. :- ६८० | नेपाल।

मिति: २०८०/०८/१२

विषय:- जिम्मेवारी तोकिएको।

श्रीमान् सचिवज्यू,
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
गण्डकी प्रदेश।

गण्डकी प्रदेश सरकार (मा.मुख्यमन्त्री) को मिति २०८०/०८/१२ गतेको निर्णयानुसार तपाईंलाई गण्डकी प्रदेशको पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास र घोषणा गर्न विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिको सदस्य पदमा नियुक्ति गरिएको छ।

देहायको कार्यशर्त बमोजिमको जिम्मेवारी इमानदारीपूर्वक सम्पन्न गर्नु हुनेछ भन्ने गण्डकी प्रदेश सरकारले विश्वास लिएको छ। अध्ययन समितिको सदस्य पदमा नियुक्त हुनुभएकोमा बधाई तथा शुभकामना छ।

(विनोद बहादुर कुँवर)
सचिव

देहाय:
समितिको नामः पर्यटकीय राजधानी घोषणा अध्ययन समिति।
समितिको गठनः

| | | |
|---|---|---|
| १ | उपाध्यक्ष, नीति तथा योजना आयोग, गण्डकी प्रदेश | संयोजक |
| २ | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश (उद्योग तथा पर्यटन) | सदस्य |
| ३ | उपाध्यक्ष, शहरी योजना आयोग, पोखरा महानगरपालिका, कास्की | सदस्य |
| ४ | प्रमुख, नेपाल पर्यटन बोर्ड | सदस्य |
| ५ | प्रमुख, पोखरा पर्यटन परिषद्, कास्की | सदस्य |
| ६ | उपाध्यक्ष, पोखरा महानगर पर्यटन विकास समिति | सदस्य |
| ७ | पर्यटन विज्ञ, डा. रामजी शर्मा | सदस्य |
| ८ | पर्यटन विज्ञ, श्री वासुदेव त्रिपाठी | सदस्य |
| ९ | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, कास्की | सदस्य |
| १० | प्रमुख, पर्यटक प्रहरी, कास्की | सदस्य |
| ११ | अध्यक्ष, नेपाल पत्रकार महासंघ, कास्की | सदस्य |

समितिको कार्यक्षेत्रः

१. पर्यटकीय राजधानीको रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरुको पहिचान गर्ने।
२. पर्यटकीय राजधानीको रुपमा विकास गर्नका लागि सेवाको गुणात्मकता वृद्धि गर्न अवलम्बन गर्नुपर्ने विषयको पहिचान गर्ने।
३. प्रदेश राजधानी घोषणा गर्नका लागि आवश्यक मापदण्डहरुको पहिचान गर्ने।
४. प्रदेश राजधानी घोषणा गर्ने प्रक्रियाहरु पहिचान गर्ने।
५. संघ सरकारसँग समन्वय गर्ने।
६. अध्ययन प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

समितिको सचिवः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशको प्रशासन, योजना तथा पर्यटन महाशाखा वा पर्यटन हेर्ने महाशाखा प्रमुख।
समितिको कार्यावधिः समितिको पहिलो बैठक बसेको मितिबाट लागू हुने गरी बढीमा ३० दिन।

बोधार्थः
माननीय मुख्यमन्त्रीज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश।


टेलिफोन नं : ०६१-४६७६८३, ४६७८५१, ४६७६६४ फ्याक्स: ०६१-४६७६६५ वेबसाइट: ocmcm.gandaki.gov.np इमेल: ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com

Scanned with CamScanner